# परिच्छेद : एक

## १.१ अध्ययनको पृष्ठभूमि

गृहकार्यको अभ्यास र प्रयोग भन्ने शीर्षकमा यो अध्ययन केन्द्रित रहेको छ । वर्तमान समयमा विद्यालयहरूमा गृहकार्यको अभ्यास र प्रयोग के कसरी भइरहेको छ भनी खोजी गर्नु यसको उद्देश्य रहेको छ । विद्यालयमा गरिने विभिन्न किसिमका क्रियाकलापहरूलाई समय र परिवशे अनुकूल व्यवस्थापन गर्न नसकिरहेको हुँदा शिक्षाको गुणस्तरमा कमी आइरहेको छ । विद्यालयमा हुने गतिविधिहरूलाई बालमनोभावना अनुसार मनोरञ्जनात्मक ढङ्गबाट प्रविधिहरूको प्रयोग गरी विद्यार्थीहरूमा अधिकतम सीप, गुण र क्षमतामा परिवर्तन ल्याउन सक्नु आजको आवश्यकता हो । यसै कुराहरूलाई मध्यनजर गर्दै एक्काइसौँ शताब्दीमा विद्यालयहरूमा भएको वा हुने गरेको क्रियाकलापहरूको यथार्थ कुरा बाहिर ल्याउनु प्रमुख उद्देश्य यस अध्ययनले लिएको छ ।

विद्यालयहरूमा शिक्षकले शिक्षण सिकाइ गर्नका लागि अधिकांश शिक्षकहरूले दैनिक पाठ योजना बनाई कक्षाकोठामा प्रवेश गरेको हुन्छ । त्यसरी कक्षा प्रवेश गरिसकेपछि शिक्षक तथा शिक्षिकाहरूले व्याख्यान विधिबाट विषयवस्तुहरूलाई विश्लेषणद्वारा विद्यार्थीहरूमा ज्ञान र व्यवहारमा सुधार गर्ने कार्यहरू गर्दछन् भने कतिपय शिक्षक तथा शिक्षिकाहरूले विषयवस्तु अनुसारको शैक्षिक सामग्रीहरू बनाई ती शैक्षिक सामग्रीहरूलाई प्रदर्शन विधिको माध्यमबाट फलाटिनको बोर्डमा टाँसी विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा देखाएर शिक्षण सिकाइ गरेका छन् । त्यसपछि विद्यार्थीहरूमा के कस्ता परिवर्तन आए भनी पालैपालो प्रश्नहरू बनाई छलफल गराइएको र छलफल पछि पाठ योजनाले राखेको उद्देश्य बमोजिम उद्देश्य पूरा भयो कि भएन भनी निर्माणात्मक मूल्याङ्कन गर्दछन् । विद्यार्थीहरूको कक्षा मूल्याङ्कन गराउँदा उनीहरूले विभिन्न पद्धति जस्तै कक्षा अवलोकन, मौखिक रूपमा प्रश्नहरू सोध्ने र छोटा छोटा प्रश्नहरूलाई लिखित रूपमा नै कक्षाकार्यहरू गर्न लगाई मूल्याङ्कन गर्ने गरेका छन् । विद्यार्थीहरूलाई शिक्षण सिकाइमा उपचारात्मक पद्धतिबाट कमी कमजोरीहरू पत्ता लगाउने प्रयास गरिएको र त्यसपछि उनीहरूलाई घरमा पनि सिकाइको वातावरण बनाउन एकाइहरूमा भएको अभ्यासहरूलाई गृहकार्यका रूपमा गराउने गरेका छन् । शिक्षक तथा शिक्षिकाहरूले गृहकार्यको रूपमा पाठहरू अध्ययन गरी आउन, शुद्धसँग लेखेर ल्याउन, स्थानीय शैक्षिक सामग्रीहरू बनाएर ल्याउन लगाएका जस्ता कार्यहरू गृहकार्यका रूपमा

दिइएको पाइन्छ । त्यसरी दिइएका गृहकार्यहरू विद्यार्थीहरूले के कसरी गरे भनी भोलिपल्ट कपीहरू परीक्षण गर्ने गरेको पाइन्छ । ती विद्यालयहरूको कक्षाकोठाको व्यवस्थापन, शैक्षिक सामग्रीहरूको प्रयोग, शिक्षक र विद्यार्थीहरूको नियमित रूपमा उपस्थिति, कक्षा क्रियाकलाप, स्वच्छ र सफा वातावरण, गृहकार्यको अभ्यास र प्रयोग, वार्षिक कार्ययोजना र वार्षिक कार्यतालिकाहरूको प्रशस्तै रूपमा उपयोग भएको पाइन्छ । शिक्षण सिकाइ पश्चात् विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहार पत्ता लगाउन चौतर्फी रूपमा लेखाजोखा गरी विद्यार्थीको उपलब्धि मापन गर्न गृहकार्यको अभ्यास गराउन आवश्यक रहेको छ ।

त्यसैगरी कतिपय शिक्षक तथा शिक्षिकाहरूले शिक्षण सिकाइमा आवश्यक पर्ने दैनिक पाठ योजना नै नबनाई विद्यालयमा प्रवेश गरी शिक्षण सिकाइ सञ्चालन गर्ने गरेको पाइन्छ । ती शिक्षक तथा शिक्षिकाहरूले विद्यार्थीहरूको बाल मनोभावनामा ख्याल नगरी शिक्षण सिकाइ गरेको र विद्यार्थीहरूमा कति उपलब्धि प्राप्त भयो भनी मूल्याङ्कन गरेको देखिँदैन । विद्यालयमा शिक्षकहरूले शिक्षण गरिसकेपछि विद्यार्थीहरूमा ज्ञान, सीप र व्यवहारहरूमा परिवर्तन नआए पनि सिकाइ भैहाल्छ भन्ने मान्यता रहेको पाइन्छ । विद्यालय खोल्नु र विद्यार्थी विद्यालयमा उपस्थित हुनु नै शिक्षण सिकाइ हो भन्ने बुझाई कतिपय शिक्षक तथा शिक्षिकाहरूको पाइन्छ । शिक्षालाई सङ्कुचित रूपमा मात्र परिभाषा गरिएको पाइन्छ ।

विद्यालय खोल्नु र विद्यार्थीहरू विद्यालयमा उपस्थित हुनु मात्र शिक्षा आर्जन नभई विद्यार्थीको चौतर्फी विकास गर्न सक्नु नै शिक्षा हो । यसलाई कसरी बढी भन्दा बढी उपलब्धि हासिल गर्न सकिन्छ भनी यसको अनुसन्धान गर्नु अहिलेको समयको आवश्यकता रहेको छ । यिनीहरूको मुख्य उद्देश्य भनेको विद्यार्थीहरूमा जतिसक्दो ज्ञान, गुण, सीप र व्यवहारमा परिवर्तन गरी दक्ष्य र योग्य नागरिक तयार गर्नु हो भन्ने भनाई अभिभावकहरूको रहेको छ । समय र समाजको आधुनिक विकाससँगै विकसित भएका नयाँ नयाँ शैक्षिक प्रणालीहरूले कक्षाकोठाको आधुनिक प्रविधिको अध्ययन अध्यापनमा पनि सुधार गर्नुपर्ने कुरालाई मध्येनजर गर्दै शिक्षण सिकाइ पश्चात् विद्यार्थीहरूमा गृहकार्य गराउनु अपरिहार्य रहेको कुरा शिक्षा नीतिहरूमा पनि राख्न चालियो (राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८) ।

गृहकार्यको सम्बन्धमा (EPStein 1998) निम्नअनुसारको धारणा रहेको छ ।

**क) अभ्यासको लागी :** अभ्यासगर्ने बानीले बाल बालीकाको लेखाई पढाई र स्मरण क्षमता को दिगो विकास गराउछ ।

**ख) तयारी का लागी :** गृहकार्यले बाल बालीकामा सधै तयारी अवस्थामा रहन मदत्त गदर्छ ।

**ग) सहभागीताको लागि** : यसले बालबालिकाहरु विच आपसी घुलमिल र समस्याहरुको समाधान गराउन मदत्त पुग्दछ ।

**घ) व्यक्तीगत विकास** : नियमीत गृहकार्यले बाल बालीकामा व्यतीगत रुपमा लेखाई पढाईमा सधै तयारी अवस्थामा राख्ने वानीको विकास गराउछ ।

**ङ) सहपाठी अन्तरकृया** : सहपाठी अन्तरक्रयाले बालबालीका मा सिक्ने ,सिकाउने , छलफल गर्ने, आपसमा अन्तरकृया गरि सिकाईमा सुधार ल्याउछ ।

**च) आमा बाबुसग को सम्बन्ध** : गृहकार्य गर्नुपर्ने भएपछि बालबालिका हरु नजानेका उत्तरहरु खोज्न र समाधान गर्न आप्फनै आमा बाबुसग सोध पुछ गर्छन ।

**छ) सामाजीक सम्बधनको लागि** : बालबालिकाहरु सामाजमा मिलेर बस्ने, खेल्ने एक आपसमा चाडपर्व मनाउने हुनाले उनिहरुको सामाजीक सम्बन्ध सुमधुर रहेको हुन्छ ।

**ज) व्यवहार सुधारको लागि :** बालबालिकाको स्मरण शक्ति बढ्दछ, उनीहरूमा लगनशिलता, अनुशासन, शब्दभण्डार तथा लेखन शैलीको विकास हुन्छ ।

**झ) नीति निमार्णको लागि** : बालबालीले कस्तोरुपमा गृहाकार्य गरिरहेका छन वा छैनन् वा कसरी गरिरहेका छर्न् जस्ता कुराको आधारमा शैक्षणीक रणनिती तयार गर्न मदत्त गर्दछ

**ञ) दण्ड** : नियमित गृहकार्य गर्ने विद्यार्थी र नगर्ने विद्यार्थी विच पुरुष्कृत र दण्ड गर्ने निर्णय गर्ने बानीको विकास गाराउछ ।

## १.२ समस्या कथन

शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोग कसरी भइरहेको छ भनी पत्ता लगाउनु यस अध्ययनमा मुख्य समस्याको कथन रहेको छ ।

गृहकार्यको अभ्यास र प्रयोग गराउँदा र नगराउँदा विद्यार्थीहरूमा के कस्ता कमी कमजोरीहरू आउँदा रहेछन्, विद्यार्थीहरूको ज्ञान र सीप परिवर्तनमा गृहकार्यको अभ्यास र प्रयोगले कस्तो भूमिकाहरू खेलेको छ । गहृकार्यको अभ्यास र प्रयोगलाई अवलम्बन गर्दा विद्यालयमा कुन कुन समस्याहरूले असर पुऱ्याएका छन् र त्यसलाई अझ प्रभावकारी बनाउन व्यवस्थापनमा के कस्ता कुराहरू सुधार गर्नुपर्ने देखिन्छ, त्यसमा सरोकारवालाहरूको सुझाव के छ भनी अनुसन्धान गर्नु यस अध्ययनको मुख्य समस्याको कथन रहेको छ ।

माथि उल्लेखित तर्कहरूको जवाफ प्राप्त गर्न र नमुना छनोटका सामुदायिक विद्यालयहरूले शिक्षण सिकाइमा गृहकार्यको के कस्तो प्रयोगमा ल्याएका छन् ? भन्ने जस्ता यथार्थ कुराको जानकारी प्राप्त गर्नलाई उक्त क्षेत्रलाई अध्ययन स्थलको रूपमा छानेको छ ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोध तथा अनुसन्धानको उद्देश्यले त्यसको महत्त्वलाई पुष्टि गर्दछ । उद्देश्यले अध्ययनबाट हुने फाइदा वा महत्त्वको बारेमा जानकारी पस्किने काम गर्दछ । साथै उद्देश्यले अध्ययनको क्षेत्र, अध्ययनको विषयवस्तु, समय सीमा आदिको निर्धारण गर्दछ । यस अध्ययनको उद्देश्य खासगरी शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोगले विद्यालयहरूमा के कस्ता फाइदा र असर पर्छ भन्ने अध्ययनसँग गाँसिएको छ । जुन उद्देष्यहरु निम्न प्रकार रहेका छन् ।

१. शिक्षण सिकाइको सिलसिलामा कक्षा अध्यापनमा गृहकार्यको अभ्यास र प्रयोगको अवस्था विश्लेषण गर्नु,

२. गृहकार्य दिँदा र नदिँदा विद्यार्थीहरूको उपलब्धिमा पर्ने प्रभाव पत्ता लगाउनु,

३. गृहकार्यको अभ्यास र प्रयोगलाई सरोकारवालाहरूको धारणा पत्ता लगाउनु,

४. विद्यालयमा विद्यार्थीहरूलाई दिइने गृहकार्यको अभ्यास र प्रयोगलाई व्यवस्थित गर्न अपनाउन सकिने उपायहरू पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धान गर्दा सो अध्ययनको महत्त्व अवश्य नै रहेको हुन्छ । तर अध्ययनको महत्त्व भने प्रकृति अनुसार फरक पाइन्छ । गृहकार्यले विद्यार्थीहरूलाई विद्यालय, घर र अभिभावकसम्म समन्वय गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ यस सोध पत्रको महत्वलाई निम्नअनुसार प्रस्तुत् गरिएको छ ।

१. यस अध्ययनबाट त्यस ठाउँको विद्यालयहरूमा गृहकार्यको अभ्यास र प्रयोगको वर्तमान अवस्था बारेमा जानकारी लिन सकिन्छ ।

२. यस अध्ययनबाट सङ्कलन गरिएका आँकडाहरूबाट विद्यालयले गृहकार्यको अभ्यासको गतिविधिहरू के के गराउँदा रहेछन् भनी थाहा पाउन सहयोग पुर्‍याउँछ ।

३. यस प्रतिवेदनमा प्रस्तुत गरिएका सत्य तथ्य तथ्याङ्कहरूको अध्ययन गरी आफ्ना बालबालिकाहरूलाई विद्यालयमा गराउने गृहकार्यको अभ्यास र प्रयोगले के कस्ता फाइदा पुर्‍याउँछ भन्ने कुराको पूर्ण तथा आंशिक रूपमा सहयोगी बन्नेछन् ।

४. यसरी तयार पारिएको गृहकार्यको अभ्यास र प्रयोगको स्थलगत अध्ययन आँकडाहरूले गृहकार्यको अभ्यास प्रति शिक्षक तथा शिक्षिकाहरूको धारणा पत्ता लगाउन सकिन्छ ।

५. कुनै पनि अभिभावकहरू, विद्यार्थीहरू र शिक्षक तथा शिक्षिकाहरूलाई गृहकार्यको अभ्यास र प्रयोगले कस्ता उपलब्धिहरूको विकास हुन्छ भन्ने कुराको जानकारी लिन सकिन्छ ।

६. यस तथ्याङ्कहरूको अध्ययनबाट सरोकारवालाहरूलाई विद्यालयमा अपनाउने गृहकार्यको अभ्यास र प्रयोगलाई सही ढङ्गमा व्यवस्थापन र सञ्चालन गर्न सीप र क्षमताको विकास हुन्छ ।

७. यस अध्ययनबाट शिक्षाप्रेमीहरूलाई शिक्षण सिकाइ सुधार गर्नका लागि एउटा महत्त्वपूर्ण सहयोग पुग्नेछ ।

८. हामी जस्तै अध्ययन स्थलमा गएर अध्ययन गर्ने विद्यार्थीहरूले पछि द्वितीय स्रोतका रूपमा तथ्याङ्क सङ्कलन गर्नमा सहयोग पुग्नेछ ।

९. यस नमुनाको रूपमा गरिएको सर्वेक्षणले देशको सबै भागमा भएको शिक्षण सिकाइमा कमी कमजोरी बारे पत्ता लगाउन सहयोग पुग्नेछ ।

## १.५ अध्ययनको परिसीमा

अध्ययनको सीमा निर्धारण गर्नु अत्यन्तै महत्त्वपूर्ण हुन्छ । अध्ययनको विषयवस्तु, त्यसको महत्त्व समयको पाबन्दी र सामग्रीको उपलब्धता तथा त्यसको आर्थिक पक्षले पनि सीमा निर्धारणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्नुभन्दा पहिले कति मात्रामा गर्ने, कहिले गर्ने, सो कार्यका लागि लाग्ने पूँजी र समयको आधारमा चल्नु पर्ने हुँदा यस प्रतिवेदनका निम्न सीमाहरू छन् ।

१. यो अध्ययन प्रतिवेदन सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका भित्रका ४ वटा सामुदायिक विद्यालयमा मात्रै सीमित गरिएको छ ।

२. विद्यार्थीहरूका लागि गृहकार्यको अभ्यास र प्रयोगको बारेमा माथिका उद्देश्यहरू प्राप्त हुने किसिमका १७ वटा प्रश्नावलीहरू निर्माण गरी उनीहरूको धारणा लिखित रूपमा लेख्न लगाई तथ्याङ्क सङ्कलन गरी विश्लेषण गर्नुमा मात्र सीमित गरिएको छ ।

३. गृहकार्यको अभ्यास र प्रयोगको सम्बन्धमा माथि राखिएका उद्देश्यहरू प्राप्त गर्नुमा मात्र सीमित गरिएको छ ।

४. यो अध्ययन नमुना छनोटमा परेका ४ वटा विद्यालयमा कक्षा ८ मा अध्यापन गराउने १२ जना शिक्षक शिक्षिकाहरू, कक्षा ८ मा अध्ययन गर्ने ११३ जना विद्यार्थीहरू र तिनका ९० जना अभिभावकहरूमा मात्र सीमित गरिएको छ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

परिच्छेद दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाकाको अध्ययन गरिएको छ । गृहकार्यको अभ्यास र प्रयोग सम्बन्धमा शोध अध्ययन कमै मात्रामा भएकाले सम्बन्धित साहित्यको पुनरावलोकन गर्नका लागि इन्टरनेटको सहायता लिइएको छ । यसमा यसभन्दा अगाडि गरिएका केही शोध साहित्यहरूको पुनरावलोकन गरी अध्ययन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शोध आफैँमा जटिल र ठूलो विषय हो । शोधको सुरुवात नै शोधको विषयसँग सम्बन्धित साहित्यको अध्ययन, अनुसन्धान, अन्वेषण, सर्वेक्षण, जानकारसँग लिइने अन्तर्वार्ता लगायतबाट सुरु हुन्छ । त्यसमा पनि हाम्रो जस्तो मुलुकका विद्यार्थीले गर्ने शोधको कुनै पनि विषयको अध्ययन क्षेत्र, त्यसमा लाग्ने समय, धन आदि चुनौतीका रूपमा रहन्छन् । यस्तो अवस्थामा निःसन्देह रूपमा अन्वेषण, सर्वेक्षण, अन्तर्वार्ता भन्दा पनि पूर्व साहित्यको अध्ययनको ठूलो भूमिका हुन्छ । अतः यस अध्ययनमा विषय सम्बद्ध पूर्व साहित्यको विश्लेषण गर्दै यौटा निचोडमा पुग्ने कोसिस गरिएको छ । यसरी विद्यार्थीहरूलाई गृहकार्य दिनुपर्ने र नपर्ने भन्ने विषयमा विकसित देशहरूमा पनि अभिभावक, शिक्षक तथा शिक्षिकाहरू र विद्यार्थीहरूबीच तर्कहरू विभाजित हुन पुगेको पाइन्छ ।

आधारभूत शिक्षा पाठ्यक्रम (२०६९) मा उल्लेख भए अनुसार विद्यार्थीले के कति सिके, के कति व्यवहारमा सुधार गरे निरन्तर सुधार गर्दै लैजाने कार्यलाई नै निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापकै क्रममा कक्षाकार्य, गृहकार्य, कक्षा सहभागिता, व्यवहारिक परिवर्तन, हाजिरी, कक्षा परीक्षा, एकाइ परीक्षा, साप्ताहिक परीक्षा, मासिक परीक्षा आदिका आधारमा गरेर अभिलेख राख्नुपर्दछ । साथै यस क्रममा आवश्यकताअनुसार विद्यार्थीलाई तुरुन्त पृष्ठपोषण दिनुपर्दछ र विद्यार्थीमा सुधारको वातावरण तयार गरिदिनुपर्दछ भनिएको छ ।

होमनाथ भट्टराईको शिक्षा मनोविज्ञान (२०६७) मा उल्लेख भए अनुसार अभ्यासले गल्ती सुधार्ने, सिकाइलाई निश्चित अवस्थामा पुऱ्याउने, सिकाइका कार्यहरूबीच समन्वय कायम गराउने, सिकेका कुराहरू लोप हुन नदिने, विस्मरण कम गराउने, कार्यमा लाग्ने समयमा कमी ल्याउने तथा एउटा अभ्यासको सफलताले अर्को अभ्यास गर्न पुनर्बल प्रदान गर्छ । कुनै कार्य गर्नु, सीपयुक्त हुनका लागि कुनै कार्य नियमित रूपमा दोहोऱ्याउनु अभ्यास हो । कुनै पनि सिकाइका विषयवस्तुमा पोख्त हुन वा पूर्णता प्राप्त गर्नका लागि कार्य गर्नु अभ्यास हो । यसर्थ अभ्यास सिकाइका लागि नभई नहुने अवस्था हो । सबै सिकाइ सिद्धान्तकारले अभ्यासलाई जोड दिएका छन् ।

संयुक्त राज्य अमेरिका र अन्य विकसित देशहरूमा पनि गृहकार्यको सिद्धान्त र नीतिहरू प्रशस्तै मात्रामा प्रयोग गर्दै आएका छन् (www.Det-NSW.edu.au. 07-08 2000 Repd-2002-003)।

होलान्ड (.oct.17,2012) पनि आफ्नो शैक्षिक सुधारको योजनामा गृहकार्यको नीति र पद्धतिहरू प्रस्ताव गरिएको देखिन्छ । शिक्षण सिकाइको बेलामा गृहकार्यको अभ्यास र प्रयोगले सिकाइ स्थिर र दीर्घायू गराउँछ भन्ने भनाई उनको विचारमा देखिन्छ ।

कुपर (Kooper, April 5, 2012) को भनाइमा पनि गृहकार्यको अभ्यास र उपलब्धि स्तर बीच सकारात्मक सम्बन्ध छ भन्ने निष्कर्षमा पुगे ।

अल्फाइन कोन, टिमोथी र नटहन जस्ता अन्य अनुसन्धानकर्ताहरूले पनि शैक्षिक सुधारका लागि गृहकार्यको आवश्यकता छ भनेका छन् । कोनको 'द ट्रुथ अबाउट होमओर्क' (२००६) भन्ने पुस्तकमा शिक्षण सिकाइका समयमा गृहकार्यको प्रक्रिया र प्रयोग गराउनु के कति फाइदाहरू छन् भन्नुका साथ साथै यसका विभिन्न प्रकारका बेफाइदाहरूपनि देखिएका छन् तर जे भएता पनि बालबालिकाहरूको उमेर, विद्यार्थीहरूको कक्षा स्तर र विषयको स्वरूप हेरी गृहकार्यको प्रयोग गराउनु आवश्यक देखिन्छ । गृहकार्य गर्नुको मुख्य फाइदा शिक्षकले सिकाएको कुरा सम्झना रहिरहनका लागि मद्दत गर्दछ । साथै हामीले लिखित रूपमा गरेको कार्यदेखि शिक्षकले हाम्रो सीप र क्षमता मूल्याङ्कन गर्न सक्छ र लिखित, मौखिक र भाषिक रूपमा पनि ज्ञानहरूको वृद्धि हुन पुग्छ । ती कुराहरूलाई ध्यान दिँदै विद्यालयहरूले गृहकार्यका रूपमा अभ्यासमा दिएका कार्यहरू गरेर ल्याउन, गणितका नियमहरू कण्ठ गरेर

आउन, परिभाषाहरू चार्ट पेपरमा लेखेर ल्याउन र शुद्धसँग लेख्न र पढेर आउन दिने जस्ता कार्यहरू गराएको देखिन्छ । गृहकार्यको अर्थलाई निम्न रूपमा प्रष्ट पार्न सकिन्छ (www.Alfine Kohn.org Sep-6-2006)।

गृहकार्यको अर्थ र परिभाषा

गृहकार्य वा होमओर्कको शाब्दिक अर्थ गृहको अर्थ घर र कार्यको अर्थ काम वा घरका लागि दिइएको काम । विद्यार्थीलाई पढाइ सकेको पाठको सम्बन्धमा कन्ठस्थ गर्न, सरर पढ्न वा प्रश्नको उत्तर लेखेर ल्याउन घरका लागि दिइने कार्यलाई गृहकार्य भनिन्छ । यसलाई अर्को शब्दमा गृहकार्य भन्नाले विद्यार्थीहरूलाई कुनै पाठ वा शीर्षकको शिक्षण सिकाइ गरिसकेपछि सिकेका सीपहरूलाई स्थायी र प्रयोगमा ल्याउन सक्ने बनाउन विद्यालयमा र घरका लागि भनी दिइएको कामहरूलाई गृहकार्य भनिन्छ । गृहकार्य लिखित, मौखिक वा प्रयोगात्मक पनि हुन सक्छ । जुन प्रकारको गृहकार्य दिइए पनि यसको मुख्य उद्देश्य भनेको विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा परिवर्तन गरी सुधार ल्याउनु हो ।

शिक्षाविद् डा. सुसन हलम र डा. रिचर्ड कोवान जस्ता वैज्ञानिकहरूले गृहकार्यको अभ्यास गराउँदा शिक्षण सिकाइमा अभिभावक र विद्यार्थीहरूबीचको सम्बन्ध घनिष्ट बनाई धेरै परिवर्तन वा उपलब्धिहरू पाउन सकिन्छ भन्ने जस्ता तर्कहरू अगाडि सारेका छन् भने त्यसैगरी लन्डन युनिभर्सिटीज इन्स्टिच्यट अफ एजुकेसनको एक अध्ययनले बालबालिकाहरूलाई गृहकार्यले विद्यार्थीहरूको कमी कमजोरीलाई सुधार गर्ने र अझ मध्यम स्तरका अभिभावकहरूलाई बढी फाइदा पुऱ्याउने सुझाव दिएका छन् । त्यसैगरी विद्यार्थीहरूलाई बढी गृहकार्य दिँदा विद्यालयप्रति नकारात्मक उत्प्रेरणा जगाउने, अरुले गरेका हुबहु सार्ने जस्ता गुणको विकास हुने र समयको व्यवस्थापन गराउन नसक्ने जस्ता तर्कहरू अघि सार्ने वैज्ञानिकहरू पनि प्रशस्तै छन् (http://www.independent.co.uk/news/warning-homework-can-harm-your-child-1198820.html)।

गृहकार्यको अभ्यास र प्रयोगको पक्षमा अभिमत

विद्यार्थीहरूलाई अध्ययनको सिलसिलामा गृहकार्यको अभ्यास र प्रयोग गदाउँदा बालबालिकाहरूमा फाइदा पुऱ्याउँछ भन्ने कुरा विद्वान्हरूको भनाइलाई बुँदागत रूपमा पनि

देखाउन सकिन्छ । Kevintrang का भनाइ अनुसार गृहकार्यको अभ्यास र प्रयोगका फाइदाहरू यसप्रकार छन् -

विद्यार्थीहरूको ज्ञान र सीपको मापन गर्न (Kohn, 2006 )

विद्यालयमा शिक्षण सिकाइ पश्चात् तह अनुसारको पाठ्यक्रमले तोकेको उद्देश्य हासिल गराउनु शिक्षक शिक्षिकाको कर्तव्य हो । उनीहरूले शिक्षण सिकाइ गरेपश्चात् विद्यार्थीमा आवश्यक परिवर्तन ल्याउन सकिदैन भने शिक्षण सिकाइको अर्थ रहदैन । त्यसैले हामीले कुन कक्षाको बालबालिकाहरूलाई अध्ययन अध्यापन गराइरहेका छौँ, त्यसको बालमनोभावनालाई बुझी शिक्षणका सिद्धान्त अनुसार पठनपाठन गराउन सक्नु पर्दछ । त्यसपछि उनीहरूमा के कस्ता उपलब्धिहरू विकास भए भनी मापन गर्न गृहकार्यको अभ्यास र प्रयोग गराउनु आवश्यक छ । गृहकार्यको अभ्यास र प्रयोगले सुदृढीकरण र स्कुलमा सिकेका कुरालाई स्पष्ट गर्न मद्दत गर्छ । विद्यालयमा शिक्षण सिकाइ गराइसकेपछि विद्यार्थीमा के कस्ता परिवर्तनहरू आए, कुन विद्यार्थीलाई अझ सुधार गर्नुपर्ने देखिन्छ भनी ज्ञान र सीपको मापन गर्ने काम गृहकार्यले गर्दछ । त्यसरी अध्ययन अध्यापन पछि विद्यार्थीहरूमा गृहकार्यको अभ्यास गराउँदा उनीहरूको उपलब्धिहरूको पनि मापन हुने हुँदा विद्यार्थीलाई कसरी सिकाउँदा राम्रो उपलब्धि गराउन सकिन्छ भनी शिक्षकहरूले योजना बनाई शिक्षण समयमै सुधार गर्ने मौका दिई सुधार्न सकिन्छ ।

विद्यार्थीहरूको ज्ञान र व्यवहारमा सुधार ल्याउन

गृहकार्यको अभ्यास गराई हामीले बालबालिकाको दक्षता र क्षमताको मूल्याङ्कन समयमा नै गर्न सकिएन भने भविष्यमा जटिल भई सुधार्न गाह्रो पर्ने हुँदा समय समयमा के कति जाने भनी परीक्षण गर्न गृहकार्यको अभ्यास र प्रयोगको आवश्यक छ । त्यसै योजना बमोजिम प्रचुर मात्रामा शैक्षिक सामग्रीहरूको प्रयोग गरी शिक्षण क्रियाकलापहरू गराई सकेपछि पाठ्य योजनाले राखेको विशिष्ट उद्देश्य अनुसार विद्यार्थीहरूको व्यवहार र सीप मूल्याङ्कन गर्न मौखिक तथा लिखित प्रश्नहरू तयार गरी गृहकार्य गराई विद्यार्थीको सीप र व्यवहारहरू के कति परिवर्तन भए भनी थाहा पाउनु आवश्यक छ । त्यसरी ज्ञान र सीपहरू पत्ता लगाई सकेपछि समयमै सुधार गरी सच्याउनु पर्दछ । यसै सन्दर्भमा शिक्षाविद् पेशेवर्रोले पनि गृहकार्यले बालबालिकाहरूले विद्यालयमा के गर्दैछन् भनी हेर्ने मौका मिल्छ । गृहकार्यले

बालबालिकाहरूलाई आत्म अनुशासन, समय व्यवस्थापन र अनुसन्धान कौशल सिकाउँछ। गृहकार्यले अनावश्यक कुराबाट छुटाई राम्रो अध्यायन गर्ने बानी बसाउँछ। यी कुराहरूको पत्ता लगाई विद्यार्थीलाई गृहकार्यको अभ्यास र प्रयोगले समयमै सुधार गर्न मौका दिन्छ भनेका छन्।

कमीकमजोरीहरू समयमा नै पत्ता लगाउन (McDermott, Goldmen and Varenne, Scott-jones, 1984)

त्यसरी उपलब्धि मापन गर्नका लागि विषयवस्तु समेटेर प्रश्नहरू बनाई गृहकार्य गरी ल्याउनु भनी विद्यार्थीहरूलाई प्रश्नहरू दिइनु पर्छ। यसरी गृहकार्य गराउन लगाउँदा विद्यार्थीहरूले विद्यालयमा गरेका कमहरू घरमा गई अध्ययन गर्ने हुँदा धेरै उपलब्धिमूलक हुन पुग्छ। त्यसरी दिइएको गृहकार्य भोलिपल्ट उनीहरूले के कस्ता किसिमबाट गरी ल्याएका छन् भनी परीक्षण गर्नुपर्छ। यसरी गृहकार्य गराउँदा पहिले गरेको गल्ती र कमजोरीलाई समयमा नै थाहा पाई सुधार गर्ने र सुध्रने अवसर प्राप्त हुन पुग्छ। यसरी सकयमा नै गृहकार्यद्वारा उनीहरूको क्षमता पत्ता नलगाई अगाडि बढाइयो भने गन्तव्य विनाको हिडाइ हुन्छ। त्यसैले गृहकार्यको अभ्यास र प्रयोग गराउन अत्यन्तै महत्त्व छ।

विद्यार्थीहरूको मनोबललाई हौसला वा पृष्ठपोषण प्रदान गर्न (Cooper, 1989; Hoover-Dempsey et.al., 2001; Leone and Richards, 1989; Muhlenbruck et.al., 2000)

विद्यार्थीले गरेको गृहकार्य पाठ्यक्रमले तोके बमोजिमको उपलब्धि हासिल भयो कि भएन भनी हेर्ने कर्तव्य शिक्षकको हो। विद्यार्थीले गरेर ल्याएको गृहकार्य शिक्षकले हेरी राम्रो गर्नेलाई हौसला दिने र नराम्रो गर्नेलाई पुनः सरल माध्यमबाट सिकाइ पृष्ठपोषण गराई कमी कमजोरी पत्ता लगाई सुधार गराउने। यसरी राम्रो बाटो हिँडेको र नराम्रो बाटो हिँडेको पत्ता लगाउने माध्यम नै अभ्यास भएको हुँदा गृहकार्यको अभ्यास विद्यार्थीहरूका लागि अति नै आवश्यक देखिन्छ। गृहकार्यले नयाँ विद्यार्थीहरूलाई भन्दा पनि पुराना विद्यार्थीहरूलाई फाइदा पुऱ्याउँछ भने झैँ जुन विद्यार्थीले गृहकार्यको अभ्यास र प्रयोग गरी अध्ययन अध्यापन गर्ने गरिएको छ उसलाई पछिसम्म ज्ञान र सीपको सम्झना रहिरहन गृहकार्यले अत्यन्तै महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ। अभ्यास र गृहकार्य नगरेको विद्यार्थीहरूको ज्ञान र सीपहरू छिटै विश्मरणको अवस्थामा पुगेको कुरा पनि थाहा पाउन सकिन्छ ।

गृहकार्य अभ्यास र प्रयोगको विपक्षमा अभिमत

यसरी बालबालिकाहरूलाई विद्यालयमा शिक्षण सिकाइ गरिसकेपछि विद्यार्थीहरूको क्षमता र उपलब्धि पत्ता लगाउन गृहकार्य गराउनु आवश्यक हुँदाहुँदै पनि उनीहरूको शारीरिक स्थिति र उमेरको बनावटको आधारमा गृहकार्यले बालबालिकाहरूलाई फाइदाको साटो असर वा बेफाइदा पुऱ्याइरहेको हुन्छ । बालबालिकाको मानसिक अवस्था भनेको कुमालेले भाँडा बनाउन मोलेको माटो जस्तै हो । माटोलाई कुमालेले जस्तो आकारको भाँडो बनायो त्यस्तै बन्छ त्यसैगरी बालबालिकाको मानसिक क्षमता अन्तरनिहित रूपमा लुकेका हुन्छन् र त्यसलाई सकारात्मक वातावरणबाट बाहिर ल्याउन सकिएन भने वा धेरै कार्यभार दिइयो भने त्यसले उपलब्धि हासिल गर्नुको साटो उसलाई बोझिलो बनाई कार्य गर्न मन नलाग्ने हुन पुग्छ । विद्यार्थीहरूलाई विद्यालयप्रतिको धारणामा नकरात्मक असर पुग्न जान्छ । बालबालिकाहरूलाई शारीरिक र मानसिक रूपमा मनोरञ्जन गर्ने प्रशस्त समय चाहिन्छ, दोस्रो पक्ष भनेको बालबालिकाहरूलाई परिवारसँग घुलमिल गरी बस्ने प्रशस्त समय चाहिन्छ, तेस्रो कुरो परिवार र विद्यार्थी बीच घुलमिल प्रशस्त हुनु पर्दछ । ती कार्यहरूलाई गृहकार्यको अभ्यास र प्रयोगले असर पुऱ्याउँछ । त्यसैले गृहकार्यको अभ्यास र प्रयोग गराउनु आवश्यक छैन भन्ने तर्क पनि अघि सारेका छन् ।

यसै अनुसन्धानलाई मध्यनजर गर्दै बालबालिकाहरूको उमेर, भावना र इच्छाहरू ख्याल नराख्दा गृहकार्यको अभ्यास र प्रयोगले बेफाइदा गर्दछ भन्ने विषयमा विभिन्न विद्वान्हरूले तलका बुँदाहरूमा प्रष्ट पारेका छन् । शिक्षाविद् Calvin का भनाइ अनुसार गृहकार्य अभ्यास र प्रयोगका बेफाइदालाई निम्न बमोजिम व्याख्या गर्न सकिन्छ ।

गृहकार्यले बालबालिकाहरूको फुर्सदको समय खाइदिने

बालबालिकाहरू भनेको खाने र मनोरञ्जन गर्ने उमेर हो । त्यस बेलामा उनीहरू परिवारसँग र साथीभाइसँग रमाउने समयमा गृहकार्यको बोझले उनीहरूको मनोभावनामा नै असर पुग्ने भएको हुँदा गृहकार्य गराउनु राम्रो हुँदैन । बालबालिकाहरूलाई खुल्ला वातावरणमा हुर्कन दिन आवश्यक छ । गृहकार्यले उनीहरूको महत्त्पूर्ण समय नै खाइदिन्छ । त्यसैले बालबालिकाहरूलाई गृहकार्यको अभ्यास गराउनु आवश्यक छैन । गृहकार्यको अभ्यास र प्रयोगले बालबालिकाहरूलाई निराश बनाउँछ । गृहकार्यले बालबालिकाहरूको

पारिवारिक जीवन खलबल्याई दिनुका साथै घरायसी काम गर्न रोकिदिन्छ । बालबालिकाहरूलाई खेल खेल्ने समय, परिवारसँग घुलमिल हुने समय चाहिने हुँदा उनीहरूलाई त्यहाँबाट टाढा राख्छ । यो साँझमा घरमा गर्ने हुँदा राति अबेरसम्म बस्नु पर्न सक्छ । गृहकार्यले अर्थहिन 'बिजी वर्क' बनाइ दिन्छ ।

अतिरिक्त गृहकार्यले बालबालिकाहरूलाई थकावट महसुस गराउने

बालबालिकाहरू विहान १० बजेदेखि बेलुका ४ बजेसम्म विद्यालयमा शिक्षण सिकाइ गरिरहदा उनीहरूमा थकाइ र आलस्यता पैदा भई रहने हुँदा र पुनः गृहकार्य गर्नुपर्दा उनीहरूले बाहिरी नयाँ नौलो मनोरञ्जनका कुराहरूमा चाख दिन नै नपाइने हुँदा बालबालिकाहरूमा नैरास्यता उत्पन्न हुने भएकाले बालबालिकाहरूमा एउटा छुट्टै नकारात्मक धारणा विकास हुन पुग्छ । उनीहरूमा थकावटको महसुस हुन जान्छ । विद्यालय पश्चात् बालबालिकाहरूलाई खुल्ला वातावरणमा छाडिदिनु पर्दछ । त्यसैले गृहकार्यको आवश्यक छैन ।

मूल्यहिन कार्यका रूपमा गृहकार्यलाई लिइने (खनाल र तिमिल्सिना, २०६१)

गृहकार्य मूल्यहिन बस्तु हो किनकि यसको प्रत्यक्ष रूपमा खासै मूल्य देखिँदैन । गृहकार्यको प्रक्रियाबाट विद्यार्थीहरूमा सुधार ल्याई अधिकतम उपलब्धि हासिल गर्नुपर्ने भएको हुँदा यसको माध्यमबाट विद्यार्थीहरूको व्यवहार र सीप पत्ता लगाउने काम गर्दछ (Cooper, Robinson and Patall, 2006)। जबसम्म विद्यार्थीहरूमा खेलको माध्यमबाट पढाइमा जागरुक बनाउन सकिदैन र जागरुक बनाउनु आवश्यक हुन्छ । विद्यार्थी सिक्न तयार भए पश्चात् छलफल तथा खेलको माध्यमबाट पाठ पढाइसकेपछि कुन कुन विद्यार्थीहरूले के कति सिकाइ हासिल गरे भनी शिक्षण गराउने व्यक्तिलाई जानकारी हुन आवश्यक छ । यसरी सीप र व्यवहारको समयमै मूल्याङ्कन गरिएन भने भविष्यमा फलदायी उपलब्धि गर्न सकिँदैन । विद्यार्थीहरूलाई प्राचीन कालमा जस्तो घोकन्ते विद्या र शिक्षक केन्द्रित शिक्षण सिकाइले विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन नसकिने कुरा प्रष्ट भएको हुँदा, उनीहरूमा अधिकतम उपलब्धि हासिल गराउन शिक्षण प्रक्रियालाई सुनाइ, बोलाइ, पढाइ र लेखाइको माध्यमबाट रचनात्मक खेल विधि र विद्यार्थी केन्द्रित विधिबाट शिक्षण सिकाइ गराउनु पर्ने आवश्यक छ ।

यस अध्ययनमा अध्ययनको सैद्धान्तिक संरचनाको विश्लेषण, सेरिडले गरेका विभिन्न अध्ययन एवम् विपन्न र फाइदा विहिन बालबालिकाहरूको शैक्षिक सहभागिता सम्बन्धी विविध पक्षमा भए गरेका अध्ययन, अनुसन्धान प्रतिवेदनका निष्कर्षहरूलाई समेटिएको छ । विद्यालयमा शिक्षण सिकाइको सिलसिलामा गृहकार्यको तौर तरिकाहरूको सम्बन्धमा गरिएको यस अध्ययनबाट उपलध जानकारी एवम् तथ्याङ्कहरूको विश्लेषण गरिएको छ ।

नेपालका पिछडिएका समुदायका मानिसहरूको शैक्षिक स्थितिलाई देखाइएको छ । अध्ययनमा कमजोर आर्थिक अवस्थाको प्रमुख कारण भनेको अशिक्षा नै हो । यसमा भनिए अनुसार अधिकांश गरिब एवम् विपन्न बालबालिकाहरूले कुनै न कुनै रूपमा आफ्नो अधिकांश समय घरायसी काममा खर्च गर्ने गरेको पाइन्छ । बालबालिकाहरूलाई विहान बेलुका घरको काम गर्नुपर्ने हुँदा विद्यालयबाट दिएका कार्यहरू विद्यार्थी वा अभिभावकहरूलाई समस्या भइरहेको हुन्छ । अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई शिक्षा आर्जन गर्ने समय भनेको विद्यालयमा बस्ने जम्मा ६ घण्टा समय मात्र हो भन्ने प्राप्त तथ्याङ्कहरू देखाइएको छ । विद्यालयमा गराउने गृहकार्य प्रति शिक्षक तथा शिक्षिकाहरू र विद्यार्थीहरू सकारात्मक भए पनि सरोकारवाला अभिभावकहरू विभिन्न कारणले गर्दा गृहकार्य बालबालिकाहरूका लागि बोझको रूपमा लिएको धारणा प्राप्त भएको देखाइएको छ । यसैगरी यस प्रतिवेदनमा विद्यालय तहका बालबालिकाहरूले विद्यालय छाड्नुको प्रमुख कारण आर्थिक अवस्था न्यून भएको, घरायसी वातावरण अशिक्षा र गुणात्मक मूल्याङ्कन अनुसन्धान नहुँदा विद्यालयले गराउने गरेको विविध कार्यहरूमा भाग लिन चाहिने सामग्रीहरू उपलब्ध गराउन नसक्नु र सकारात्मक नहुनु हो।

शिक्षण सिकाइ गरिसकेपछि उनीहरूको ज्ञान र सीपको सही मूल्याङ्कन नगरी वार्षिक रूपमा परीक्षा प्रणाली भएको हो भन्ने निष्कर्ष निकालेको छ । यसका अलावा सेरिडको उक्त प्रतिवेदनमा प्राथमिक तहका बालबालिकाहरूको विद्यलायमा यथोचित भावमा पहुँच हुन नसक्नुमा निम्न कारक तत्त्वहरू उत्तरदायी रहेको देखिन्छ -

१. विद्यालयले तोकेको पोशाक लगाउन सक्ने क्षमताको कमी,

२. पारिवारिक एवम् सामाजिक सङ्कुचित धारणामा परिवर्तन आउन नसक्नु,

३. छोरीलाई घरेलु कामकाजमा मात्र सीमित राख्नु आदि ।

त्यसैगरी अध्ययन कर्ताहरूले विभिन्न क्षेत्रमा गरेको अध्ययनबाट प्राप्त भएका तथ्याङ्कहरूलाई तल उल्लेख गरिएको छ -

(श्रेष्ठ, २०७२) द्वारा विद्यालयको शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोग शीर्षकमा गरिएको शोधको मुख्य उद्देश्य शिक्षण सिकाइका सिलसिलामा गृहकार्यको अभ्यास र प्रयोगको अवस्था विश्लेषण गरी गृहकार्यले विद्यार्थीको उपलब्धिमा पारेको प्रभाव पत्ता लगाउनु र यसलाई व्यवस्थित गर्न सकिने उपायहरू पत्ता लगाउनु रहेको छ । अध्ययनका सिलसिलामा गृहकार्यको अभ्यास र प्रयोग उपयुक्त मात्रामा गराउने गरेको र यसले विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा सकारात्मक भूमिका खेलेको निष्कर्ष निकालिएको छ । विद्यार्थीहरूको इच्छा र चाहना बुझी बालमैत्रीपूर्ण ढङ्गमा गृहकार्यको अभ्यास र प्रयोग गराउँदा विद्यार्थीहरूको रुचि, आकांक्षामा वृद्धि भई गृहकार्य गर्न जागरुक भएको हुनाले विद्यार्थीहरूको उमेर र क्षमतालाई मध्यनजर गरी गृहकार्यको अभ्यास र प्रयोग सञ्चालन गरेमा उपयुक्त हुने सुझाव प्रस्तुत गरिएको छ ।

(शाही, २००१) का अनुसार तनहुँ जिल्लामा नि.मा.वि.अन्तर्गत शिक्षण सिकाइमा 'गृहकार्यको आवश्यकता' भन्ने विषयमा गरिएको खोज अनुसन्धानमा विद्यार्थीहरूमा शिक्षाको गुणात्मक वृद्धि गर्न गृहकार्यको आवश्यक रहेको धारणा बताएका छन् । गृहकार्य गर्नुपर्ने भएकाले विद्यार्थीहरूको पढाइमा ध्यान जाने कुरा उल्लेख गरिएको छ । त्यसैगरी विपन्न वर्गका अभिभावकहरूले गृहकार्य नभएमा बालबालिकाहरूलाई काममा लगाएको तर गृहकार्य भएको बेला उनीहरूलाई पढ्नका लागि फुर्सद दिएको पनि देखिएको हुनाले गृहकार्यको आवश्यकता रहेको निष्कर्ष निकालिएको छ ।

(केसी, २०६१) द्वारा गजुरी गा.वि.स.वडा नं. ५ मा 'शिक्षण सिकाइ र विधिहरू' शीर्षकमा गरिएको अध्ययनबाट त्यस ठाउँका विद्यालयहरूमा आधुनिक र वैज्ञानिक शैक्षिक सामग्रीहरू र शिक्षण विधिहरूको प्रयोग गरी विद्यालयमा विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने गरेको हुँदा त्यस ठाउँमा विद्यार्थीहरू वार्षिक परीक्षामा धेरै प्रतिशत उत्तीर्ण भएको पाइयो । शिक्षण विधिको प्रयोगमा गृहकार्य पनि समावेश भएको र गृहकार्यद्वारा मूल्याङ्कन पनि हुने हुँदा शिक्षण सिकाइ प्रभावकारी भएको निष्कर्ष निकालिएको छ ।

(उपाध्याय, २०६५) द्वारा ताल्ती गा.वि.स.वडा नं. ७ का 'विद्यार्थीहरूमा निरन्तर मूल्याङ्कन' सम्बन्धी शीर्षकमा गरिएको अध्ययनबाट त्यस वडामा रहेका विद्यालयहरूले शिक्षण सिकाइमा उपयुक्त मात्रामा कक्षा क्रियाकलापहरू र शैक्षिक सामग्रीहरूको प्रयोग गरी शिक्षण सिकाइको सिलसिलामा विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन भएको हुँदा कक्षा छाड्ने दर, साक्षरता दर र विद्यार्थीहरूमा उत्तीर्णाङ्क दर बढी नै रहेको पाइयो । कक्षाकार्य, गृहकार्य, विद्यार्थी उपस्थिति दर आदिका आधारमा विद्यार्थीहरूमा निरन्तर मूल्याङ्कन द्वारा शैक्षिक उपलब्धि उच्च रहेको निष्कर्ष निकालिएको छ ।

(चौधरी, २०७०) द्वारा छात्रवृत्तिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव शीर्षकमा गरिएको अध्ययनको मुख्य उद्देश्य सिकाइ उपलब्धिमा छात्रवृत्तिको प्रभाव पत्ता लगाउनु रहेको छ । सुनसरी जिल्लाको महेन्द्रनगर स्रोतकेन्द्र भित्रका ६ वटा सामुदायिक विद्यालयहरूमा गरिएको यस अध्ययनमा छात्रवृत्ति पाउने र नपाउने विद्यार्थीको सिकाइ उपलब्धिमा खासै अन्तर नरहेको, प्राथमिक तहमा छात्रा, दलित र सिमान्तकृत समूहलाई छात्रवृत्ति प्रदान गरिने भएकाले सामुदायिक विद्यालयमा छात्राहरूको उल्लेख्य सहभागिता रहेको पाइएको छ ।

(लम्साल, २०५९) द्वारा जीवनपुर गा.वि.स. वडा नं. ९ मा 'महिला विकासका लागि शिक्षा' बारे गरिएको अध्ययन सर्वेक्षणबाट उक्त स्थानमा शिक्षाको स्थिति न्यून रहेकाले शिक्षामा महिला र पुरुषको असमान उपस्थिति रहेको र निरक्षर महिला बढिरहेको पाइएको छ । महिलाहरूका लागि घरेलु कामको जिम्मेवारी हुनु, अभिभावकहरूमा छोरीले काम गर्ने पर्ने तर छोराले नगर्दा पनि हुने कमजोर मानसिकता र छोराको भन्दा छोरीको सानै उमेरमा विवाह गरिदिने चलनले पनि महिला शिक्षालाई प्रभाव पारेको निष्कर्ष निकालिएको छ ।


## २.२ अध्ययनको सैद्धान्तिक खाका

गृहकार्यको अभ्यास र प्रयोग सम्बन्धमा अध्ययन गर्दा प्राप्त हुन आएका कुराहरू नै यसको सैद्धान्तिक संरचना हो । शिक्षक तथा शिक्षिकाहरूले विद्यार्थीहरूलाई शिक्षण सिकाइ गर्ने क्रममा ३५ मिनेट समयको दैनिक पाठयोजना अनुसार छलफल, प्रश्नोत्तर र प्रदर्शन विधिको माध्यमबाट एकाइहरू अध्यापन गराई सकेपछि के कति बुझे भनी पत्ता लगाउन प्रश्नहरू मार्फत् गृहकार्यको अभ्यास र प्रयोग गरिन्छ । त्यसरी अन्तर्क्रिया गरिसकेपछि उनीहरूको वा विद्यार्थीहरूको समस्या बुझी सुधारका उपायहरू अवलम्बन गरिएको छ । त्यस कार्यलाई

घरबाट लिखित रूपमा अभ्यास गरी ल्याउनु भनी गृहकार्यको रूपमा दिई अर्को दिन विद्यार्थीले लिखित रूपमा ल्याएका गृहकार्यलाई परीक्षण गरी निदानात्मक र निर्माणात्मक उपचार पद्धति अपनाएको छ । कक्षाकोठालाई प्रभावकारी बनाउन कक्षा अवलोकनबाट विद्यार्थीहरूको रुची र इच्छा अनुसार शिक्षण सिकाइ गरिन्छ ।

यसरी विद्यालयमा गरिएको सम्पूर्ण क्रियाकलापले विद्यार्थीहरूमा ज्ञान, सीप, क्षमता र व्यवहारमा उल्लेखनीय उपलब्धि आएको छ । गृहकार्यको अभ्यास र प्रयोगले विद्यार्थीहरूमा लेखाइ सीप, विद्यालयमा अध्ययन प्रति बालबालिकाहरूको आकर्षणमा वृद्धि, नेतृत्व सीपमा उल्लेखनीय सुधार, निडरता, आत्मविश्वास र स्वाबलम्बीपनमा विकास हुनुका साथै पृष्ठपोषण प्राप्त भएको छ । गृहकार्यको अभ्यासले विद्यार्थीहरूमा असफलतालाई कम गरी सफलताको प्रतिशतमा वृद्धि हुन पुगेको देखिन्छ । समाजले शिक्षाका प्रकारहरू निर्धारण गर्दछ र शिक्षाले सामाजिक आवश्यकताहरूको पूर्ति गर्दछ । विद्यालयमा शिक्षक तथा शिक्षिकाहरूले गृहकार्यको अभ्यास र प्रयोगमा गर्ने क्रियाकलापलाई तलको डायग्राममा पनि देखाउन सकिन्छ ।

गृहकार्यको अभ्यास र प्रयोगको सैद्धान्तिक संरचना



## परिच्छेद : तीन

## अध्ययन विधि

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई प्रभावकारी र सहज तरिकाले सम्पन्न गर्नको लागि विभिन्न विधिहरू पूर्वनिर्धारित हुनुपर्दछ यसर्थ यस अध्ययनमा निम्नानुसारका विधि अवलम्बन गरिएको छ ।

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">उद्देश्य</th><th rowspan="2">साधनहरू</th><th colspan="3">प्रतिक्रियादाताहरू</th></tr>
<tr><th>शिक्षक</th><th>विद्यार्थी</th><th>अभिभावक</th></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">गृहकार्यको अभ्यास र प्रयोगको अवस्था विश्लेषण गर्नु</td><td>अवलोकन</td><td>✓</td><td>✓</td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td>✓</td><td>✓</td><td>✓</td></tr>
<tr><td colspan="4">दस्तावेज अध्ययन</td></tr>
<tr><td rowspan="3">२</td><td rowspan="3">गृहकार्य दिँदा र नदिँदा विद्यार्थीहरूको उपलब्धिमा पर्ने प्रभाव पत्ता लगाउनु</td><td>अवलोकन</td><td>✓</td><td>✓</td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td>✓</td><td>✓</td><td>✓</td></tr>
<tr><td colspan="4">दस्तावेज अध्ययन</td></tr>
<tr><td>३</td><td>गृहकार्यको अभ्यास र प्रयोग सम्बन्धी सरोकारवालाहरूको धारणा पत्ता लगाउनु</td><td>प्रश्नावली</td><td>✓</td><td>✓</td><td>✓</td></tr>
<tr><td>४</td><td>गृहकार्यको अभ्यास र प्रयोगलाई व्यवस्थित गर्न अपनाउन सकिने उपायहरू पत्ता लगाउनु</td><td>अन्तर्वार्ता</td><td>✓</td><td>✓</td><td>✓</td></tr>
</table>

### ३.१ अनुसन्धानात्मक ढाँचा

कुनै पनि अनुसन्धानको अध्ययन गर्ने प्रकृति अनुसार अध्ययनका ढाँचा पनि फरक-फरक हुन्छन् । यस अध्ययनमा तथ्यांकहरूलाई गुणात्मक र परिमाणात्मक रुपमा व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनमा शिक्षकहरू, अभिभावकहरू र विद्यार्थीहरूबाट प्राप्त सूचनाहरूलाई गुणात्मक तथा परिमाणात्मक ढंगले तथ्याङ्कीय विश्लेषण गरिएको छ । तसर्थ यस अध्ययनको ढाँचा मिश्रित प्रकृतिको रहेको छ ।

### ३.२ जनसंख्या

यो अध्ययन इटहरी उपमहानगरपालिका अर्न्तगतका सामुदायिक विद्यालयहरूमा सीमित गरिएको हुँदा सबै विद्यालयका नि.मा.वि. तहको कक्षा ८ मा अध्यापनरत शिक्षकहरू तथा विद्यार्थीहरू साथै अभिभावकहरूलाई सम्पूर्ण जनसंख्याका रुपमा लिइएको छ ।

### ३.३ नमुना छनौट प्रक्रिया तथा नमुनाको आकार

प्रस्तुत अध्ययनमा सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका भित्र पर्ने ४ ओटा सामुदायिक विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरू यस अध्ययनका नमुनाका रुपमा रहेका छन् ।

#### ३.३.१ जिल्ला छनोट

अध्ययन तथा अनुसन्धानकर्तालाई तथ्यांक संकलन कार्य गर्न सुविधा पुग्ने गरी सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरी सुनसरी जिल्लालाई नमुनाको रुपमा छनोट गरिएको छ ।

#### ३.३.२ विद्यालय छनोट

सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरी सुनसरी जिल्ला स्थित इटहरी उप-महानगरपालिका भित्रका ४ वटा सामुदायिक विद्यालयहरू छनोट गरिएको छ ।

#### ३.३.३ शिक्षक छनोट

यस अध्ययन तथा अनुसन्धानलाई पूर्णता दिन नमुना छनोटमा परेका ४ वटै विद्यालयहरूबाट उद्देश्यात्मक नमुना छनोट विधिको प्रयोग गरी कक्षा ८ मा अध्यापनरत शिक्षकहरू प्रत्येक विद्यालयबाट ३/३ जनाका दरले जम्मा १२ जनालाई छनोट गरिएको छ ।

### ३.३.४ अभिभावकहरूको छनोट

नमुना छनोटमा परेका विद्यालयका नि.मा.वि. तह कक्षा ८ मा अध्ययरत विद्यार्थीहरूका अभिभावकहरू मध्येबाट सामान्य सम्भावनामूलक नमूना छनोट विधिको प्रयोग गरी जम्मा ९० जना अभिभावकको छनोट गरिएको छ ।

### ३.३.५ विद्यार्थी छनोट

नमुना छनोटमा परेका विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरू सामान्य सम्भावनायुक्त विधिको प्रयोगबाट ११३ जना विद्यार्थीहरूको छनोट गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनको स्रोत

निम्न माध्यमिक तहमा विद्यालयको शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोग सम्बनधमा गरिएको यस अध्ययन अनुसन्धानमा तथ्याङ्कको स्रोतको रुपमा प्राथमिक तथा द्वितीय दुवै स्रोतहरूको प्रयोग गरी अनुसन्धान गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अर्न्तगत प्रत्यक्ष भेटघाट, अर्न्तवार्ता, प्रश्नावली, अवलोकन पर्दछन् । विद्यालयको शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोगको अवस्था पत्ता लगाउन नमुना छनोटमा परेका विद्यालयका शिक्षकहरू, अभिभावकहरू, विद्यार्थीहरूलाई उनीहरूसँग नै आमने सामने भएर प्रश्नावली, अन्तर्वार्ता, अवलोकन र छलफलबाट सूचनाहरू सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

विद्यालयको शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोगको अवस्था पत्ता लगाउन प्राथमिक स्रोतबाट प्राप्त सूचनाहरू मात्र पर्याप्त नहुने भएकाले द्वितीय स्रोतहरूको खोजी गरी अध्ययन गरिएको छ । द्वितीय स्रोतहरूमा विद्यालय अभिलेख, पत्रपत्रिका तथा प्रकाशित पुस्तकहरूलाई लिइएको छ ।

### ३.५ तथ्यांक संकलनका साधनहरू

यस अध्ययन अनुसन्धानलाई पूर्णता दिनका लागि निम्न साधनहरूको निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको ।

#### ३.५.१ प्रश्नावली

विद्यालयको शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोगको अवस्था पत्ता लगाउन शिक्षक र विद्यार्थीका लागि अवलोकन फारम तयार गरी शिक्षक, विद्यार्थी र अभिभावकका लागि प्रश्नावलीको प्रयोग गरिएको छ जुन प्रश्नावलीहरू क्रमशः अनुसूची १, २ र ३ मा राखिएको छ ।

#### ३.५.२ अवलोकन फारम

विद्यालयको शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोगको अवस्थाका बारेमा बुझ्नका लागि शिक्षक र विद्यार्थीका लागि कक्षा अवलोकन फारमको प्रयोग गरिएको छ । उक्त अवलोकन फारम अनुसूची ४ मा राखिएको छ ।

### ३.६ साधनहरूको वैद्यता र विश्वसनीयता

अध्ययन अनुसन्धान गर्नका लागि बनाइएका साधनहरूको वैद्यता निर्धारण गर्नका लागि साधनहरूको निर्माण गरी निर्देशकको सल्लाह तथा छलफलद्वारा अन्तिम रुप प्रदान गरी वैद्यता र विश्वसनीयता निर्धारण गरिएको छ ।

### ३.७ तथ्यांक संकलन प्रक्रिया

छनोटमा परेका विद्यालयहरूमा स्वयम् अनुसन्धानकर्ता उपस्थित भई प्राथमिक तथ्यांक संकलनका लागि ४ ओटै विद्यालयका छनौट गरिएका शिक्षक, विद्यार्थी र अभिभावकहरूसँग छुट्टा छुट्टै छलफल, अर्न्तवार्ता गर्नुका साथै पूर्व निर्मित प्रश्नावलीको समेत प्रयोग गरी अर्न्तवार्ता लिइएको छ । साथै विद्यालयको शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोगको अवस्था, गृहकार्य दिँदा र नदिँदा विद्यार्थीहरूको उपलब्धिमा पर्ने प्रभाव पत्ता लगाउनु,

गृहकार्य सम्बन्धी सरोकारवालाहरूको धारणा पत्ता लगाउनु, कार्यान्वयनमा देखिएका समस्याहरू, समस्या समाधानका उपायहरू सम्बन्धी तथ्यांकहरू संकलन गरिएको छ ।

### ३.८ तथ्याङ्कको विश्लेषण र व्याख्या प्रक्रिया

यस अनुसन्धानको उद्देश्य अनुरुपको निष्कर्ष निकाल्न प्राथमिक स्रोत र द्वितीय स्रोतका रुपमा संकलन गरिएका तथ्यांक एवम् सूचनाहरूको व्याख्या र विश्लेषण गरिएको छ भने केही तथ्यांक एवं सूचनाहरूलाई आवश्यकता अनुसार गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी व्याख्यात्मक रुपले विश्लेषण गरिएको छ ।

## परिच्छेद : चार

## तथ्याङ्कको प्रस्तुतीकरण, विश्लेषण र व्याख्या

यस अध्ययनको मुख्य उद्देश्य वर्तमान अवस्थामा नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरूमा खस्किदै गएको पठन पाठनहरूमा केन्द्रित रही त्यस ठाउँमा भएका विद्यालयहरूमा गृहकार्यको अभ्यास र प्रयोगको वर्तमान अवस्था, गृहकार्यको अभ्यास र प्रयोग गराउँदा र नगराउँदाको बालबालिकाहरूको फरकपन, विद्यालयमा शिक्षण सिकाइको सिलसिलामा गृहकार्यको सम्बन्धमा सरोकारवालाहरूको धारणा र वर्तमान समयमा गृहकार्यको अभ्यास र प्रयोगलाई व्यवस्थित गर्न अपनाउनु पर्ने उपायहरू पत्ता लगाउन त्यस इटहरी नगरपालिका भित्रका ४ वटा सामुदायिक विद्यालयको निम्न माध्यमिक तहलाई समावेश गरिएको छ । अध्ययनका क्रममा विद्यालयको अभिलेखहरू, स्रोतकेन्द्र, सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, शिक्षिकाहरू, विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले दिएको जानकारीबाट प्राप्त तथ्याङ्कलाई विभिन्न तालिका तथा चित्रबाट प्रस्तुत गरी तिनीहरूको व्याख्यात्मक तथा वर्णनात्मक रूपमा प्रस्तुतीकरण गरिएको छ ।
४.१ विद्यालयहरूमा गृहकार्यको अभ्यास र प्रयोगको वर्तमान अवस्था

विद्यालयको शिक्षामा शिक्षक तथा शिक्षिकाहरू र अभिभावकहरूले सोचेको अनुरुप शिक्षाको गुणस्तरमा सुधार ल्याउन सकिरहेको छैन । २१ औं शताब्दिमा आएर शिक्षाको विकास प्रविधि धेरै अगाडि पुगेको र हाम्रो शिक्षा नीति त्यस अनुसार व्यवस्थापन गर्न सकिरहेको देखिँदैन । विद्यालयमा गरिने विभिन्न क्रियाकलापहरू मध्ये गृहकार्यको अभ्यास र प्रयोग के कसरी भइरहेको छ भन्ने मुद्दालाई लिई विद्यालयहरूलाई नमुना छनोटमा लिइएको छ । विद्यालयमा गृहकार्यको अभ्यास र प्रयोगको वर्तमान अवस्थालाई तपशीलमा उल्लेख गरी विश्लेषण गरिएको छ ।

### ४.१.१ क्रियाकलाप/कार्य

गृहकार्यको अभ्यास र प्रयोग सम्बन्धमा विभिन्न विद्यालयहरूले आ-आफ्नै ढङ्गबाट प्रयोग गरेको देखिन्छ । कुनै विद्यालयले पाठ योजना बमोजिम शिक्षण सिकाइ गरिसकेपछि शिक्षकहरूले विद्यार्थीहरूलाई बीचबीचबाट उठाएर सम्बन्धित प्रश्नावलीहरू

बनाएर सोध्ने, त्यसपछि विद्यार्थीहरूलाई समूह विभाजन गरी छलफलको माध्यमबाट समस्याको समाधान जस्ता विद्यालय क्रियाकलाप गराइएको देखिन्छ । गृहकर्याको अभ्यास र प्रयोगका सम्बन्धमा एकाइका अन्त्यमा भएका अभ्यास गर्न लगाउने, शब्दपत्तीहरू र चार्ट पेपरमा परिभाषाहरू लेखेर ल्याउन लगाउने र विषयवस्तु झल्काउने शैक्षिक सामग्रीहरू बनाएर ल्याउने जस्ता क्रियाकलापहरू दिने गरेका छन् । शिक्षण गरिसकेको पाठहरूलाई शुद्धसँग पढेर आउन, गणितका समस्याहरूलाई हल गरी ल्याउन र प्रोजेक्ट वर्क जस्ता कार्यहरू गर्न लगाएका छन् । त्यसरी विद्यार्थीहरूले गरेर वा बनाएर ल्याएका कार्यहरूलाई भन्न लगाउने, शैक्षिक सामग्रीहरूलाई हेर्न र छुन लगाउने जस्ता क्रियाकलापहरू गराइएको देखिन्छ ।

### ४.१.२ समय

शिक्षक तथा शिक्षिकाहरूले विद्यालयमा शिक्षण सिकाइ गरिसकेपछि घरका लागि भनी दिएका कार्यहरूलाई गृहकार्य भनिन्छ । विद्यालयले गृहकार्य विद्यार्थीहरूलाई पनि फरक फरक ढङ्गबाट गराएको पाइयो । कुनै विद्यालयले बालबालिकाहरूलाई घरमा ४/५ घण्टासम्म पनि गृहकार्यको अभ्यास गरिरहनु पर्ने गरी दिएको देखियो भने कुनै विद्यालयले एक डेड घण्टामा सकिने गरी गृहकार्य दिइएको देखियो । कुनै विद्यालयले दैनिक एक ओटा प्रोजेक्ट वर्क गरी ल्याउनु पर्ने जस्ता कार्यहरू गराएको पनि देखियो । यसरी हेर्दा विद्यालयहरूको समयमा एकरूपता नआएको देखिन्छ ।

### ४.१.३ कक्षामा उपयोग

विद्यालयले पाठ योजना बमोजिम कक्षाकोठामा उपचारात्मक र निर्माणात्मक ढङ्गबाट शिक्षण सिकाइका विभिन्न क्रियाकलापहरू गरिसकेपछि घरमा गर्नु भनी गृहकार्यको रूपमा दिइएको अभ्यासहरूलाई विद्यालयले राम्रोसँग गरी आए की कमी कमजोरीहरू छन् भनी परीक्षण गरी विद्यार्थीको ज्ञान, सीप र व्यवहारमा सुधार ल्याउनमा उपयोग गरेको पाइयो । त्यस गृहकार्यबाट विद्यार्थीहरूको योग्यता र क्षमता बुझी राम्रो गर्नेलाई हौसला दिई अझ राम्रो गर्न प्रोत्साहन गर्ने र कमीकमजोरी गर्नेलाई सुधारका बाटाहरू अपनाई सुधार गरेको पनि पाइयो भने कतिपय विद्यालयले घरमा गर्न दिएका

गृहकार्यहरूलाई विद्यालयमा हेर्ने नगरेको पनि पाइयो । किन त्यसो भएको भन्ने प्रश्नमा समयको अभावले उपयोग गर्न नसकेको भन्ने गरेको पाइयो ।

तालिका नं. १

गृहकार्यको क्रियाकलाप/कार्य, समय र कक्षामा उपयोग

| क.सं. | विद्यालयको नाम | क्रियाकलाप/कार्यहरू | समय | कक्षामा उपयोग |
|---|---|---|---|---|
| १ | श्री महेन्द्र उ.मा.वि. इटहरी-२, सुन्दरपुर | एकाइका अभ्यासहरू लेख्न लगाएको र पढेर आउन लगाएको | लगभग ३/४ घण्टा | लेखेर ल्याएका कुरा भन्न लगाउने र परीक्षण गरी सुधार गर्ने गरेको । |
| २ | श्री जनसहयोग मा.वि. इटहरी-२०, हाँसपोसा | शुद्धसँग पढेर आउन, लेखर ल्याउन र शब्दपत्तीहरू बनाई ल्याउन लगाएको | लगभग २:३० घण्टा | बनाएर ल्याएका शब्दपत्तीहरू पढेर सुनाउन र लेखेर ल्याएको परीक्षण गर्ने गरेको |
| ३ | श्री कचना महादेव मा.वि. इटहरी -४, | प्रोजेक्ट वर्क बनाई ल्याउन र पढेर आउन लगाएको | १:३० घण्टा | घरबाट गरेर ल्याएका उत्तरहरू परीक्षण गरेर सुधार गर्ने गरेको |
| ४ | श्री राष्ट्रिय मा.वि. इटहरी - १, आँपगाछी | अभ्यासहरू हल गर्न लगाएको | लगभग २ घण्टा | गरेर ल्याएका कार्यहरूलाई परीक्षण गरी सुधार गर्ने गरेको |

माथिको तालिकामा भएका गतिविधिहरूका साथै सिकाइको विधिको रूपमा छलफल विधि, भाषण विधि र प्रश्नोत्तर विधिहरू प्रयोग गरेको र दुईवटा विद्यालयमा शैक्षिक सामग्रीहरू आवश्यकता अनुसार प्रयोग गरेको र दुईवटा विद्यालयहरूले आर्थिक स्थिति कमजोर भएको हुनाले प्रयोगमा ल्याउन नसकेको देखिन्छ। त्यसैगरी गृहकार्यको अवस्थाको सम्बन्धमा पठन पाठनको सिलसिलामा प्रश्नहरू सोध्ने, घरमा अभ्यासहरू गर्न लगाउने र विद्यालयमा पनि लिखित रूपमा नै अभ्यासहरू गर्न लगाउने जस्ता कार्यहरू लगाएको देखिन्छ।

### ४.१.४ कक्षा अवलोकन फारमबाट प्राप्त गृहकार्यको अभ्यास र प्रयोगको अवस्था

गृहकार्यको अभ्यास र प्रयोग सम्बन्धी अध्ययन कार्यका सिलसिलामा नमुना छनोटमा परेका चारैओटा विद्यालयका नि.मा.वि.तह कक्षा ८ का लागि कक्षा अवलोकन फारम बनाइ सोही फारम बमोमिज कक्षा अवलोकन गरिएको छ। यसरी कक्षा अवलोकन गर्दा शिक्षण सिकाइका सिलसिलामा कक्षा अध्यापनमा गृहकार्यको अभ्यास र प्रयोगको वर्तमान अवस्थाका बारेमा तलको तालिका अनुसारको जानकारी प्राप्त भएको छ।

तालिका नं. २

कक्षा अवलोकन फारम

| क्र.सं. | विवरण | सधैँ | प्राय | कहिलेकाहीँ |
|---|---|---|---|---|
| १ | शिक्षकले नियमित गृहकार्य दिएको | | ✓ | |
| २ | शिक्षकद्वारा नियमित रूपमा गृहकार्यको मूल्याङ्कन गर्ने गरेको | ✓ | | |
| ३ | शिक्षकले गृहकार्य दिन झर्को मान्ने गरेको | | | ✓ |
| ४ | शिक्षकको सोचाइमा गृहकार्यले शिक्षण सिकाइमा सहज बनाएको | ✓ | | |
| ५ | गृहकार्यको माध्यमबाट निरन्तर मूल्याङ्कन गर्ने गरेको | ✓ | | |
| ६ | विद्यार्थीले नियमित गृहकार्य गरेको | | ✓ | |
| ७ | विद्यार्थीहरूले गृहकार्यलाई बोझका रूपमा लिएको | | | ✓ |
| ८ | घरको कामले गर्दा फुर्सद नपाउने गरेको | | | ✓ |
| ९ | विद्यार्थीको सोचाइमा खेल्ने समय गृहकार्यले लिएको | | | ✓ |
| १० | विद्यार्थीलाई घरमा गृहकार्य गर्न अभिभावकले सहयोग गर्ने गरेको | | ✓ | |

अध्ययनका क्रममा नमुना छनोटमा परेका विद्यालयहरूमा गई कक्षा ८ को कक्षा अवलोकन गर्दा शिक्षकले नियमित दिनुपर्ने गृहकार्य प्रायः दिएको देखिएको छ भने गृहकार्यको मूल्याङ्कन पनि सधैँ गर्ने गरेको देखिएको छ । त्यसैगरी शिक्षकले गृहकार्य दिन चाहिँ कहिलेकाहीँ झर्को मान्ने गरेको भएता पनि उनीहरूको सोचाइमा गृहकार्यले शिक्षण सिकाइलाई सहज बनाएको बताएका छन् । शिक्षकले कक्षामा दिएको गृहकार्यको

माध्यमबाट विद्यार्थीको सधैं निरन्तर मूल्याङ्कन गर्ने गरेको तर विद्यार्थीले चाहिँ कहिलेकाहीँ गृहकार्य नगरे पनि प्रायः गर्ने गरेको पाइएको छ । विद्यार्थीहरूले कहिलेकाहीँ गृहकार्यलाई बोझका रूपमा लिएको, घरको कामले फुर्सद नपाउने गरेको र उनीहरूको सोचाइमा खेल्ने समय गृहकार्यले लिएको पनि कहिलेकाहीँ पाइएको छ । प्रायः विद्यार्थीलाई घरमा गृहकार्य गर्न अभिभावकले सहयोग गर्ने गरेको पाइएको छ ।

### ४.२ गृहकार्यको अभ्यास र प्रयोग गराउँदा र नगराउँदा विद्यार्थीहरूमा देखिने फरक

कक्षाकोठामा शिक्षण सिकाइ गराउँदा बालबालिकाहरूलाई गृहकार्यको अभ्यास गराउँदा र नगराउँदा के कस्ता फरकहरू विद्यार्थीहरूमा देखा पर्दछ भन्ने उद्देश्य अनुसार नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरूमा गरिएको अनुसन्धान धेरै फरक देखा परेको छ । गृहकार्यको अभ्यास र प्रयोग गराएको बालबालिकाहरूमा छिटो बुझ्न सक्ने शक्ति, स्थायी स्मरण शक्ति र बालबालिकाहरूको चौतर्फी विकास भएको पाइयो । गृहकार्यको अभ्यास र प्रयोग गराउँदा र नगराउँदा विद्यार्थीहरूमा देखिएका फरक पक्षलाई तल विभिन्न शीर्षकहरूमा विश्लेषण गरिएको छ ।

#### ४.२.१ शैक्षिक उपलब्धि

अध्ययनका क्रममा नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरूमध्ये गृहकार्यको अभ्यास र प्रयोग गराएका बालबालिकाहरू र नगराएका बालबालिकाहरूबीच शैक्षिक उपलब्धिमा धेरै भिन्नता देखिएको छ । गृहकार्यको अभ्यास र प्रयोग गराएका बालबालिकाहरूमा आत्मविश्वास, स्वाबलम्बिपन, आत्मनिर्भरता, परिश्रमीपन र नेतृत्व गर्ने सीपको विकास भई वार्षिक परीक्षामा उत्तीर्णाङ्क बढी भएको पाइयो । अर्को तर्फ गृहकार्य गराएका बालबालिकाहरूमा फुर्सदको समय कम हुने हुँदा उनीहरू कुलतको बाटोमा नफसी पढाइतिर बढी ध्यान केन्द्रित भएको देखियो । प्रशस्त मात्रामा गृहकार्यको अभ्यास र प्रयोग गराएका विद्यार्थीहरूले परीक्षाहरूमा पनि ९० प्रतिशत भन्दा बढी अङ्क ल्याई उत्तीर्ण गरेको र कुल विद्यार्थीहरूमा सतप्रतिशत सफल भएको पनि पाइयो ।

गृहकार्यको अभ्यास र प्रयोग नगराउने गरेको विद्यालयका विद्यार्थीहरूमा भने शैक्षिक उपलब्धिमा न्यून मात्रामा विकास भएको देखिन्छ । विद्यार्थीहरूमा सिकाइका ज्ञान, सीप र

व्यवहार ढिलो बुझ्ने गरेको, बुझेका सीप र ज्ञानहरू पनि छिटो विस्मरण हुने गरेको जस्ता समस्याहरू पाइयो । आवश्यक मात्रामा गृहकार्यको अभ्यास र प्रयोग नगराइएका बालबालिकाहरूले परीक्षामा ५५ प्रतिशत भन्दा माथि अङ्क ल्याएको देखिएन भने वार्षिक परीक्षामा पनि २०/२५ प्रतिशत मात्र उत्तीर्ण भएको पाइयो ।

### ४.२.२ लेखाइ सीपको विकास

गृहकार्यको अभ्यास र प्रयोगले विद्यार्थीहरूको लेखाइ सीपको विकासमा पनि फरक पारेको पाइयो । जुन विद्यालयले विद्यार्थीहरूलाई गृहकार्यको अभ्यास र प्रयोग गराएका छन् ती विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइमा चलाखी पाउनुका साथै लेखाइमा राम्रा र आकर्षक अक्षर हुनुका साथै शुद्धता पनि बढी भएको पाइयो । उनीहरूमा भन्न र गर्न लागेका कुराहरूमा स्पष्ट, पूर्ण र तार्किक किसिमको सीपको विकास भएको हुन्छ ।

अर्कोतिर शिक्षण सिकाइमा कक्षाकोठामा गृहकार्यको अभ्यास र प्रयोग नगराएका बालबालिकाहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा एकरूपता नरहेको, लेखेका कुराहरूको अनेकार्थी र बढी अशुद्ध हुने भएकाले गर्दा बीचबीचमा कक्षा छाड्ने दर बढी भएको र वार्षिक परीक्षामा धेरै असफल भएको पनि विद्यालयको विगतका तथ्याङ्कहरूबाट प्राप्त भएको छ ।

### ४.२.३ पृष्ठपोषण

पृष्ठपोषण भनेको बालबालिकाहरूलाई शिक्षण सिकाइ गराइसकेपछि उनीहरूको ज्ञान, सीप र क्षमता पत्ता लगाई राम्रो गर्नेलाई हौसला दिने र कमी कमजोरी गर्नेलाई समयमा नै सुधार गर्ने पद्धति हो । गृहकार्यको अभ्यास र प्रयोगले बालबालिकाहरूलाई पृष्ठपोषण प्रदान गरी सिकाइलाई व्यवस्थित र प्रभावकारी बनाउन मद्दत गर्दछ ।

गृहकार्यको अभ्यास र प्रयोग गराउँदा र नगराउँदा विद्यार्थीहरूमा देखिने फरक अवस्थाहरूलाई तलको तालिकाबाट प्रष्ट बनाउन सकिन्छ ।

तालिका नं. ३

गृहकार्य गराएका र नगराएका बालबालिकाबीच फरक

| क.सं. | गृहकार्य गराएका विद्यार्थीहरू | गृहकार्य नगराएका विद्यार्थीहरू |
|---|---|---|
| १ | बुझाइ र लेखाइमा एकरुपता आउने | बुझाइ र लेखाइको मेल नहुने |
| २ | लेखाइमा शुद्धता र स्पष्ट अर्थ आउने | लेखाइमा अशुद्धी र शब्दहरूको अर्थहिनता |
| ३ | सिकाइमा स्थायित्व आउने | सीप र व्यवहार छिटो विर्सने |
| ४ | परीक्षामा उच्च सफलता हासिल गर्ने | परीक्षामा असफलता हुने सम्भावना बढी |
| ५ | अध्ययनमा सक्रियता आउने | अध्ययनप्रति नकारात्मक धारणा |
| ६ | सतप्रतिशत उत्तीर्ण भएको | २० देखि २५ प्रतिशत मात्र उत्तीर्ण भएको |

### ४.३ गृहकार्यको अभ्यास र प्रयोगमा सरोकारवालाहरूको धारणा

अध्ययनका क्रममा नमुना छनोटमा परेका ४ वटै विद्यालयहरूका सम्बन्धित शिक्षक, विद्यार्थी तथा अभिभावकहरूलाई निश्चित उद्देश्यहरू राखी बनाइएका प्रश्नावलीहरू भर्न लगाएर तथा अन्तर्वार्ताका माध्यमबाट सम्बन्धित सरोकारवालाहरूको धारणा पत्ता लगाइएको छ । यस अनुसन्धानमा शिक्षक तथा शिक्षिकाहरू, अभिभावकहरू र विद्यार्थीहरूमा गरिएको अनुसन्धानबाट फरक फरक सोचाइ र धारणाहरू प्रकाशमा आएको देखिन्छ । ती सरोकारवालाहरूको धारणालाई तल विभिन्न उपशीर्षकहरूमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.३.१ शिक्षकको धारणा

विद्यालयमा शिक्षण सिकाइको सिलसिलामा गृहकार्यको अभ्यास र प्रयोगका सम्बन्धमा शिक्षक तथा शिक्षिकाहरू सकारात्मक नै रहेको पाइयो । बालबालिकाहरूमा भएको अन्तर्निहित क्षमतालाई बाहिर ल्याउन कक्षाकोठामा बालमैत्रीपनबाट शिक्षण गराई विद्यार्थीहरूलाई प्रशस्त मात्रामा गृहकार्यको अभ्यास र प्रयोग गरेर मात्र पूर्ण सिकाइ गर्न सकिन्छ ।

श्री महेन्द्र उ.मा.वि.का शिक्षकहरूसँग बालबालिकाहरूलाई गृहकार्यको अभ्यास नगराउँदा र नगराउँदामा के फरक पाउनु भएको छ भनी गरिएको प्रश्नमा उहाँको भनाइ अनुसार बालबालिकाहरूले सुनेका, देखेका कुरा ग्रहण गर्ने, अनुकरण गर्ने गर्दछन् । वास्तवमा यसैबाट सिकाइ हुने गर्दछ । शैक्षणिक कार्यमा शिक्षकले भनेका तथा गरेका कुराहरू बालबालिकाले अनुकरण गर्ने गर्दछन् तर चञ्चले स्वाभाव भएका कारणले उनीहरूले सिकेका कुराहरू स्थाइ रूपमा लिइरहन सक्दैनन् । आज सिकेका कुराहरू भोलि बिर्सन्छन् । यदि कक्षाकार्य पश्चात् गृहकार्य दिएन भने कक्षामा सिकेका कुराहरू पुनरावृत्ति हुन पाउँदैन । त्यसमा पनि थोरै समय विद्यालयमा रहन्छन् भने धेरै समय उनीहरू घरमा नै रहन्छन् । उनीहरू परिपक्क उमेरका नभएका कारणले आफू पढ्नु पर्छ भन्ने ज्ञान पनि नहुने हुँदा विद्यालय बाहिर रहदा पढाइभन्दा अन्य कुरामा बढी ध्यान दिने गर्दछन् । त्यसैले अघिल्लो दिन सिकेका कुराहरू बिर्सेर भोलिपल्ट शून्य अवस्थामा पुग्दछन् जसका कारण सिकाइ उपलब्धि पनि न्यून हुन पुग्छ । यदि शिक्षण कार्य पश्चात् गृहकार्य दिने गरेमा कक्षामा सिकेका कुराको घरमा पनि पुनरावृत्ति हुन्छ । गृहकार्यका माध्यमले पढाइमा ध्यान दिनुपर्ने हुन्छ । कक्षा ८ पढ्ने विद्यार्थीको उमेर किशोरावस्था भएको हुँदा उनीहरू खराब आचरण सिक्न पनि सक्ने भएकाले घरमा फुर्सदको समयमा गृहकार्य गराएर व्यस्त राख्न सकिने हुनाले पनि गृहकार्यको आवश्यकता हुन्छ । यसरी अन्य गतिविधितर्फ लाग्न पनि समयको अभाव हुने हुनाले उनीहरूको ध्यान सिकाइतर्फ मात्र केन्द्रित हुन पुग्छ जसबाट अघिल्लो दिनको सिकाइ दिगो हुन पुग्छ र समग्र सिकाइ उपलब्धि नै दिगो हुन्छ भन्ने कुरा व्यक्त गर्नुभयो ।

श्री जनसहयोग मा.वि. इटहरी-२०, हाँसपोसाका शिक्षकहरूसँग गृहकार्यको आवश्यक छ ? भनी सोधिएको प्रश्नमा उहाँहरूको भनाइ अनुसार बालबालिकाहरूले एक पटक सिकेका सीपलाई स्थायीत्व गरी राख्न सकिदैन त्यसलाई पूर्ण र स्थायित्व गर्न अभ्यास र प्रयोग गराउनु आवश्यक छ त्यसैले हामीले शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोग गराउने गरेका छौं भन्ने जवाफ श्री जनसहयोग मा.वि. इटहरी-२०, हाँसपोसाका शिक्षकहरूको रहेको छ भने सोही विद्यालयका एक जना शिक्षकका अनुसार आवश्यकता हुँदा हुँदै पनि गृहकार्य दिन तथा त्यसको जाँच गर्नका लागि समयको अभाव, अभिभावकको आर्थिक अवस्थाका कारण र सामग्रीहरूको उपलब्धता जस्ता विविध कारण बस गृहकार्यको अभ्यास र प्रयोग गराउन नसकेको गुनासो पाइएको छ ।

त्यसैगरी श्री राष्ट्रिय मा.वि. इटहरी-१ आँपगाछीका शिक्षकहरूसँग तपाईंहरूले शिक्षण सिकाइमा प्रयोगात्मक विधि अपनाउनु भएको छ ? भनी सोधिएको प्रश्नको जवाफमा ७ जना शिक्षकहरूले अपनाएको कुरा व्यक्त गर्नुभयो भने बाँकी ५ जना शिक्षकहरूले प्रयोगात्मक विधि अपनाउनका लागि आवश्यकता अनुसार भौतिक पूर्वाधारको कमी रहेको कुरा बताएका छन् ।

विद्यार्थीहरूलाई गृहकार्य गराएकोमा अभिभावकहरू सकारात्मक छन् कि छैनन् भनी सोधिएको प्रश्नमा श्री कचना महादेवमा.वि.का शिक्षकहरूका अनुसार ७५ प्रतिशत अभिभावकहरू सकारात्मक रहेका छन् भने बाँकी २५ प्रतिशत अभिभावकहरू आफै अशिक्षित भएका कारण बालबालिकाहरूलाई गृहकार्य गराएको वा नगराएकोमा खासै चासो नराख्ने गरेको पाइएको छ ।

तालिका नं. ४

गृहकार्यको आवश्यकता सम्बन्धी शिक्षक तथा शिक्षिकाको धारणा

| सि.नं. | प्रश्नावली | छ | छैन | जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|
| १ | गृहकार्यको आवश्यक छ | ९ जना | ३ जना | १२ जना |
| २ | विद्यार्थीहरूलाई गृहकार्य गराएकोमा अभिभावकहरू सकारात्मक छन् | ८ जना | ४ जना | १२ जना |
| ३ | तपाईंहरूले शिक्षण सिकाइमा प्रयोगात्मक विधि अपनाउनु भएको छ | ७ जना | ५ जना | १२ जना |


उपयुर्क्त तालिकाको अध्ययनबाट के देखिन्छ भने शिक्षक तथा शिक्षिकाहरूसँग लिइएको अन्तर्वार्तामा अध्यापनपछि बालबालिकाहरूलाई गृहकार्यको आवश्यक रहेको र गृहकार्य विना अध्यापन हुन नसक्ने कुरा थाहा हुन आएको र त्यति हुँदा हुँदै पनि १२ जनासँग गरिएको अध्ययनमा ३ जना शिक्षकहरूले गृहकार्यले विद्यार्थीहरूलाई बोझिलो बनाउनुका साथै झन्झटिलो बनाउने भनी बताएका छन् ।

त्यसैगरी शिक्षकहरूले अध्यापन पछि विद्यालयमा र घरमा गर्नु भनी दिइएको कार्यमा अभिभावकहरू सन्तुष्टि छन् त भन्ने प्रश्नमा ८ जना शिक्षकहरूले अभिभावकहरू सकारात्मक छन् भन्ने जवाफ दिएका छन् भने बाँकी ४ जना शिक्षकहरूले अभिभावकहरूले सकारात्मक रूपमा लिएका छैनन् भनी जवाफ दिइएको पाइएको छ । त्यसैगरी विद्यालयमा अध्ययन अध्यापनका क्रममा कुन विधि र सिद्धान्तहरू अपनाउनु भएको छ भन्ने प्रश्नमा प्रायजसो शिक्षक तथा शिक्षिकाहरूले विद्यार्थी केन्द्रित विधिमा शिक्षण गर्दै प्रयोगात्मक विधिमा जोड दिइएको छ भन्नेकुरा ७ जना शिक्षकहरूले बताउनु भयो भने बाँकी ५ जना शिक्षकहरूले भौतिक पूर्वाधार तथा आर्थिक कठिनाइका कारण

अन्य विधि अपनाएको कुरा बताउनु भयो । उक्त कुरालाई निम्न बार डायग्रामबाट पनि देखाइएको छ -

चित्र नं. १

गृहकार्यको आवश्यकता सम्बन्धी शिक्षक तथा शिक्षिकाको धारणा




माथि प्रस्तुत चित्रअनुसार गृहकार्यको आवश्यक छ भन्ने धारणा ९ जना शिक्षकहरूले राखेका छन् भने गृहकार्य गराउँदा अभिभावकहरू सकारात्मक छन् भन्ने धारणा ८ जनाले मात्र प्रस्तुत गरेका छन् । त्यसैगरी शिक्षण सिकाइमा प्रयोगात्मक विधि अपनाउने ७ जना मात्र शिक्षकहरू देखिएको छ भने बाँकी ५ जना शिक्षकहरूले प्रयोगात्मक विधि अपनाउन नसकेको देखिएको छ । समग्रमा हेर्दा बढी शिक्षकहरूबाट सकारात्मक नै उत्तर पाइएको छ ।

### ४.३.२ अभिभावकको धारणा

विद्यालयमा शिक्षण सिकाइको सिलसिलामा गृहकार्यको अभ्यास र प्रयोगका सम्बन्धमा गरिएको अध्ययनमा गृहकार्य भन्नाले शिक्षक तथा शिक्षिकाहरूबाट विद्यालयमा वा घरमा गर्न भनी दिइएको कार्यलाई गृहकार्य भनिन्छ भनी अभिभावकहरूबाट जवाफ पाइयो । के

त्यसरी बालबालिकाहरूलाई गहृकार्य गराउनु आवश्यक छ भनी श्री महेन्द्र मा.वि.इटहरी-२ मा अध्ययन गर्ने विद्यार्थीका अभिभावकहरूलाई प्रश्न गर्दा उनीहरूले आवश्यक छ किनकि बालबालिकाहरू भनेका निश्चल र खाली दिमाका हुन्छन् । गृहकार्य भनेको एउटा अभ्यास हो जुन काम हामीले पटक पटक दोहोऱ्याएर अभ्यास वा प्रयोग गर्छौं सो काम स्थायी र दिगो हुने हुँदा बालबालिकाहरूका लागि गृहकार्य अत्यन्तै आवश्यक पर्दछ ।

विद्यालयमा गराउने गरेको कक्षाकार्यको अभ्यास र प्रयोग गृहकार्यमा गर्ने भएकाले यसबाट हामी सन्तुष्ट छौं भनी जवाफ दिएका छन् ।

त्यसैगरी श्री जनसहयोग मा.वि. इटहरी-२०, हाँसपोसामा अध्ययन गर्ने विद्यार्थीका अभिभावकहरूका अनुसार विद्यालयमा गराउने गरेको गृहकार्यको अभ्यास र प्रयोगले बालबालिकाहरूले घरको काममा अभिभावकहरूलाई सहयोग गर्न नसकेको, अभिभावकहरूसँग मनोरञ्जन गर्ने समय नपाएको र गृहकार्यले बालबालिकाहरूमा पढाइ सम्बन्धी नकारात्मक असर समेत परेको बताएका छन् । गृहकार्यले गर्दा बालबालिकाहरूले घरमा विहान बेलुका अभिभावकहरूलाई सहयोग गर्ने काममा पनि असर पुऱ्याउने र गृहकार्य गर्न समय नभएको हुँदा शिक्षक तथा शिक्षिकाहरूको डरले विद्यालय जान छलछाम गर्ने जस्ता कुराहरू पनि खुल्न आएको छ । एकजना अभिभावकको भनाइ अनुसार विद्यार्थीहरूलाई विद्यालयमा राम्रोसँग पठन पाठन गराए पश्चात् घरमा पनि गृहकार्य दिनु भनेको मेरो विचारमा बढी लोड दिनु हो । किनकी दिनभरी विद्यालयमा उनीहरू नियन्त्रणमा नै बस्नुपर्छ । फेरि घरमा आएपछि घरायसी काम पनि हुन्छ नै । विद्यालयमा दिनभरिको नियन्त्रण र घरमा घरको कामको बोझले गर्दा अनि त्यसमाथि विद्यालयमा दिइने गृहकार्यको बोझले गर्दा मेरो बालबच्चाले

विद्यालय नै जान नमान्न थालेको हुँदा सम्बन्धित सरोकारवाला शिक्षकहरूले विचार पुऱ्याउनु पर्ने हुन्छ भनी बताएका छन् ।

अध्ययनका क्रममा श्री राष्ट्रिय मा.वि.इटहरी-१, आँपगाछीमा अध्ययन गर्ने विद्यार्थीका अभिभावकका अनुसार विद्यालयमा दिइने र घरका लागि दिइने कक्षा कार्य र गृहकार्यका लागि चाहिने कापी र कलमहरूको व्यवस्था मिलाउन आर्थिक अभावका कारणले नसकेको हुँदा शिक्षक तथा शिक्षिकाहरूले दिइएको गृहकार्य गर्न नपाएको र गृहकार्य नगरी गएमा शिक्षकद्वारा सजाय दिइने हुँदा विद्यालय जान नै नमानेको दुःख पोखेका थिए ।

तर श्री कचना महादेव मा.वि.इटहरी-४मा अध्ययन गर्ने विद्यार्थीका अभिभावकहरू शिक्षकले दिएको गृहकार्य घरमा आई आफ्ना नानीहरूले गर्ने हुँदा अन्यत्र बरालिन नपाएकाले खुसी भएको कुरा व्यक्त गरे । उनीहरूका अनुसार हाम्रो देशमा विद्यालय शिक्षा नै वास्तवमा शिक्षाको जग हो । विद्यालय शिक्षाको आधारमा नै भविष्यमा ऊ कस्तो मानिस बन्न सक्छ भन्ने कुरा निर्धारण हुन्छ तर वर्तमान विद्यालय शिक्षा समय सापेक्ष र व्यवहारिक हुनुपर्छ । दिनभरि कक्षामा मात्र पढेर विहान र बेलुका यताउति डुल्नमा नै व्यस्त हुन नपाउने र गृहकार्य शिक्षण सिकाइलाई प्रभावकारी बनाउन अपरिहार्य भएको हुँदा विद्यार्थीलाई धेरै फाइदा पुऱ्याउँछ । गृहकार्यले सिकाइ स्थिर हुन्छ । घरमा आएर अनावश्यक रूपमा मोबाइल तथा टि.भि.मा अलमलिने बानी हट्छ । बरु शिक्षकहरूले गृहकार्य अलि बढाएर दिने गरेमा प्रभावकारिता अभिवृद्धि भई उपलब्धि राम्रो हुने कुरा बताएका छन् ।

अन्तर्वार्तामा सम्मिलित अभिभावकहरूसँग गृहकार्यको अभ्यास र प्रयोगलाई कसरी लिइएको छ भन्ने विषयमा गरिएको खोज अनुसन्धानबाट प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ -

तालिका नं. ५

गृहकार्यको आवश्यकता सम्बन्धी अभिभावकको धारणा

| सि.नं. | प्रश्नावली | छ | छैन | जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|
| १ | गृहकार्यको आवश्यक छ | ८३ जना | ७ जना | ९० जना |
| २ | घरमा गृहकार्य गराउने गरेको छ | ७५ जना | १५ जना | ९० जना |
| ३ | गृहकार्यले विद्यार्थीलाई फाइदा पुऱ्याएको छ | ७१ जना | १९ जना | ९० जना |


उपयुर्क्त तालिकाको अध्ययनबाट के देखिन्छ भने अभिभावकहरूसँग लिइएको अन्तर्वार्तामा अध्यापनपछि बालबालिकाहरूलाई गृहकार्यको आवश्यक रहेको छ भन्ने ८३ जना अभिभावक पाइयो भने आवश्यक छैन भन्ने अभिभावक ७ जना रहेका छन् । त्यसैगरी आफ्ना बालबालिकाहरूलाई घरमा गृहकार्य गराउने गरेका अभिभावकहरू ७५ जना रहेका छन् भने गृहकार्य गर्नका लागि बालबालिकाहरूलाई सहयोग नगर्ने अभिभावक १५ जना पाइयो । अध्ययनका क्रममा बालबालिकाहरूलाई गृहकार्य गराउँदा फाइदा पुऱ्याउँछ भन्ने अभिभावक ७१ जना र फाइदा पुऱ्याउँदैन भन्ने अभिभावक १९ जना देखिन्छ । समयमा गृहकार्य गर्न नसकी शिक्षकको डरले गर्दा कतिपय बालबालिकाहरूले कक्षा छाडेको हुनाले उनीहरूले गृहकार्यले फाइदा भन्दा बेफाइदा नै बढी गरेको गुनासो पोखेका थिए । गृहकार्यको अभ्यास

र प्रयोगलाई सकारात्मक रूपमा लिने अभिभावकहरूका बालबालिकाहरू भन्दा नकारात्मक रूपमा लिने अभिभावकहरूका बालबालिकाहरूमा सही खालको सीप, व्यवहार र क्षमता हासिल गर्न नसकी बीचैमा विद्यालय छाडी निरक्षर अवस्थामा रहेका देखिन्छन् ।

गृहकार्यको आवश्यकता सम्बन्धमा अभिभावकको धारणालाई तलको बार डायग्रामबाट प्रष्ट्याइएको छ ।

चित्र न. २

गृहकार्यको आवश्यकता सम्बन्धमा अभिभावकको धारणा




चित्र नं. २ मा प्रस्तुत गरिए अनुसार गृहकार्यको आवस्यकता छ भन्ने अभिभावकहरू ८३ जना देखिएका छन् भने घरमा गृहकार्य गराउने गरेका अभिभावकहरू ७५ जना मात्र रहेका देखिएका छन् । त्यसमा पनि गृहकार्यले विद्यार्थीलाई फाइदा पुगेको छ भन्ने सोचाइ राख्ने अभिभावकहरू ७१ जना मात्र देखिएका छन् । जम्मा ९० जना अभिभावक मध्ये ७ जना अभिभावकले गृहकार्यको आवश्यकता नभएको बताएका छन् भने १५ जनाले गृहकार्य शिक्षकले दिएको भएता पनि घरमा नगराउने गरेको पाइयो भने १९ जना अभिभावकहरूले गृहकार्यले विद्यार्थीलाई फाइदा नपुऱ्याउने तर्क प्रस्तुत गरेका छन् ।

**४.३.३ विद्यार्थीको धारणा**

विद्यालयमा शिक्षण सिकाइको सिलसिलामा गृहकार्यको अभ्यास र प्रयोगका सम्बन्धमा गरिएको अध्ययनमा गृहकार्य भन्नाले शिक्षक तथा शिक्षिकाहरूबाट विद्यालयमा गरिएको

कक्षा कार्यका अतिरिक्त घरमा गरिने अभ्यासबाट विद्यार्थीहरू सन्तुष्ट भएको देखिन्छ । अध्ययनका क्रममा श्री महेन्द मा.वि.इटहरी-२, सुन्दरपुरका विद्यार्थीहरूलाई तपाईंको विचारमा गृहकार्य आवश्यक छ ? भनी गरिएको प्रश्नमा उनीहरूको भनाइ अनुसार विद्यालयमा शिक्षक तथा शिक्षिकाहरूले गराउने गरेका विभिन्न क्रियाकलापका साथै कक्षाकोठामा दिएको कक्षाकार्य र गृहकार्यको अभ्यास र प्रयोगले आत्मनिर्भरता, परिश्रम गर्ने बानी र शुद्धसँग लेखाइमा विकास हुने कुरामा विश्वास राख्छन् । हामी पहिले शिक्षक तथा शिक्षिकाहरूसँग डर र त्रास लाग्थ्यो तर हाल आएर शिक्षकसँग बढी घुलमिल हुने हुँदा आत्मीय भावना बढेको कुरा पनि बताए । तर कतिपय विद्यार्थीहरूले गृहकार्यको अभ्यास र प्रयोगले हामीलाई खेल्ने समयको अभाव, साथीभाइसँग भेटघाट गर्ने समयको कमी र निराशा समेत भएको बताए । सरहरूले दिएको गृहकार्य नगर्दा कक्षामा सजायको भागिदार हुनुपर्ने, गृहकार्य गरेर ल्याउने साथीहरूसँगबाट अपहेलित हुने, लज्जा बोध हुने र गृहकार्य गर्दा खेल्ने तथा मनोरन्जनको समय नै नपाइने कुरा व्यक्त गरे ।

श्री जनसहयोग मा.वि.इटहरी-२०, हाँसपोसाका विद्यार्थीहरूसँग गृहकार्यको अभ्यास र प्रयोग सम्बन्धी धारणा बुझ्दा गृहकार्य दिनु राम्रो भएको, घरमा गृहकार्य गर्दा अनावश्यक घुमफिर नहुने तथा खराब साथीको सङ्गतबाट बच्न सकिने कुरा बताएका छन् भने केही विद्यार्थीहरूले गृहकार्य गर्दागर्दै गलेर हैरान परेको, फुर्सदको समय नै नपाउने गरेको, त्यसैगरी अभिभावकसँग कपी तथा पेन किनिमाग्दा पैसा नभएको गुनासो समेत गरेको पाइयो । उक्त कुराको आधारमा यहाँ शिक्षाविद् केल्भिनको लेख ‘होमवर्क क्यान हार्म योर चाइल्ड’सँग मेल खाएको देखिन्छ ।

अध्ययनकै क्रममा श्री राष्ट्रिय मा.वि.इटहरी-१, आँपगाछीका विद्यार्थीहरूलाई शिक्षकहरूले कक्षामा शिक्षण गर्दा शैक्षिक सामग्रीहरू प्रयोग गर्नुहुन्छ कि गर्नुहुन्न भनी सोधिएको प्रश्नमा शैक्षिक सामग्रीको बारेमा थाहा नपाएको तर शिक्षकले कक्षामा आउँदा ग्लोब तथा नक्सा, शूक्ष्मदर्शक यन्त्र तथा विभिन्न प्रकारका चित्रहरू लिएर आउने र तिनीहरूको मद्दतबाट हामीलाई बुझाउने गर्नुभएको छ । त्यसैगरी गृहकार्य गृहकार्य गर्न मन लाग्छ कि लाग्दैन भनी सोधिएको प्रश्नमा धेरै विद्यार्थीहरूले मन लाग्छ, यसले हामीलाई हौसला प्रदान गर्छ भनेका छन् भने केही विद्यार्थीहरूको भनाइमा अलि अलि लाग्छ तर सरहरूले

धेरै नै दिनुहुन्छ  त्यसैले गृहकार्य गर्दा गर्दै खेल्ने समय नै पाइदैन र धेरै गलिन्छ पनि । यसरी धेरै गृहकार्य गर्नुपरो भने भोलिपल्ट विद्यालयमा गएर पढ्दा समेत निन्द्रा लाग्ने हुन्छ । त्यसैले गृहकार्य दिएता पनि अलि अलि मात्र दिनुभए हुन्थ्यो जस्तो लाग्छ भनेका छन् ।

श्री कचना महादेव मा.वि.का छात्रछात्राहरूबीच गृहकार्य तिमीहरूलाई कस्तो लाग्छ, गृहकार्य गर्न मन लाग्छ कि लाग्दैन भनी सोधिएको प्रश्नमा धेरैजसो विद्यार्थीहरूले कक्षामा गरिएको कक्षाकार्य फेरि दोहोऱ्याएर घरमा गृहकार्यका रूपमा गरेमा मात्र राम्ररी आउने र सिकेको कुरा पनि दिगो हुने हुँदा गृहकार्य दिएको राम्रो लाग्छ र घरमा बसेर पनि गर्न मन लाग्छ भनी बताएका छन् । तर केही विद्यार्थीहरूले दिनभर विद्यालयको थकान विभिन्न किसिमका क्रियाकलापहरूमा संलग्न भइसकेपछि पुनः गृहकार्य दिँदा बोझ महसुस हुन्छ, एकोहोरो पढाइमात्र गर्नुपर्दा दिक्क लाग्छ भनी बताएका छन् ।

गृहकार्यको अभ्यास र प्रयोग सम्बन्धी विद्यार्थीहरूको धारणालाई तलको तालिकामा यसरी देखाइएको छ -

तालिका नं. ६

गृहकार्यको आवश्यकता सम्बन्धी विद्यार्थीको धारणा


| सि.नं. | प्रश्नावली | छ | छैन | जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|
| १ | गृहकार्यको आवश्यक छ | ६९ जना | २१ जना | ९० जना |
| २ | घरमा गृहकार्य गर्न मन लाग्छ | ६५ जना | २५ जना | ९० जना |
| ३ | शिक्षकहरूले शिक्षणमा शैक्षिक सामग्री प्रयोग गर्दछन् | ६० जना | ३० जना | ९० जना |

उपयुर्क्त तालिकाको अध्ययनबाट के देखिन्छ भने बालबालिकाहरूलाई गृहकार्यको अभ्यास गराउनु आवश्यक छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका निम्न माध्यमिक तह कक्षा ८ मा अध्ययनरत जम्मा ९० जना विद्यार्थीहरूसँग गरिएको अनुसन्धानमा आवश्यक छ भन्ने जवाफमा ६९ जना विद्यार्थीहरू र आवश्यक छैन भन्ने जवाफमा २१ जना मात्र विद्यार्थीहरू रहेको पाइएको छ । त्यसैगरी घरमा गृहकार्य गर्न मन लाग्छ कि लाग्दैन भनी सोधिएको प्रश्नको जवाफमा मन लाग्छ भन्ने ६५ जना र लाग्दैन भन्ने २५ जना पाइएको छ । शिक्षकहरूले शिक्षण प्रक्रियामा शैक्षिक सामग्री प्रयोग गर्दछन् भनी सोधिएको प्रश्नमा ६० जना विद्यार्थीहरूले गर्छन् भन्ने जवाफ दिएका छन् भने बाँकी ३० जनाले गर्दैनन् भनी जवाफ दिएका छन् ।

यसरी विद्यार्थीहरूबाट गरिएको तथ्याङ्क सङ्कलनलाई निम्न बार डायग्रामबाट पनि देखाइएको छ -

चित्र नं. ३

गृहकार्यको आवश्यकता सम्बन्धी विद्यार्थीको धारणा



प्रस्तुत चित्रमा देखाइएअनुसार जम्मा ९० जना विद्यार्थीहरूसँग मत सङ्कलन गर्दा गृहकार्यको आवश्यक छ भन्ने ६९ जना पाइयो भने २१ जनाले गृहकार्यको आवश्यक नभएको जनाएका छन् । तर गृहकार्यको आवश्यक छ भन्ने मध्ये पनि घरमा गृहकार्य गर्न मन लाग्ने ६५ जना मात्र रहेका छन् । यहाँ बाँकी ४ जनालाई गृहकार्यको आवश्यकता छ भन्ने लागेता पनि घरमा भने गृहकार्य गर्न मन नलाग्ने बताएका छन् भने २५ जनाले गृहकार्यको आवश्यक पनि छैन र घरमा गृहकार्य गर्न पनि मन लाग्दैन भनी जवाफ दिएको पाइयो । त्यसैगरी शिक्षकहरूले शिक्षण क्रियाकलाप गर्दा शैक्षिक सामग्री प्रयोग गर्दछन् भनी सोधिएको प्रश्नमा ६० जना विद्यार्थीहरूले गर्दछन् भनी जवाफ दिएका छन् भने बाँकी ३० जनाले गर्दैनन् भन्ने जवाफ दिएको पाइयो ।

## ४.४ गृहकार्यको अभ्यास र ंप्रयोगलाई व्यवस्थित गर्ने उपायहरू

शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोगलाई कक्षाकोठामा व्यवस्थित गरी प्रभावकारी ढङ्गबाट लागू गर्न सकेको खण्डमा विद्यार्थीहरूमा अधिकतम उपलब्धि हासिल गर्न  सकिन्छ । यसरी गृहकार्यको अभ्यास र प्रयोगलाई व्यवस्थित गर्ने कार्यलाई तपशीलका बुँदाहरूमा विश्लेषण गर्न सकिन्छ ।

### ४.४.१ क्रियाकलाप/कार्य

हामीले जुनसुकै कार्यहरू गर्दामा पनि त्यसलाई योजनाबद्ध र व्यवस्थित तरिकाबाट सञ्चालन गरिएको खण्डमा मात्र सो कार्य फलदायी र प्रभावकारी हुन पुग्छ । त्यसैगरी गृहकार्यको अभ्यास र प्रयोगमा पनि विद्यालयमा हुने गरेका क्रियाकलापहरूलाई व्यवस्थित तरिकाले प्रयोग गरेमा शिक्षाको गुणस्तरमा सुधार ल्याउन सकिन्छ । शिक्षण सिकाइमा जाँदा शिक्षक तथा शिक्षिकाहरूले नियमित रूपमा दैनिक पाठ योजना बनाई शिक्षण सिकाइ गर्ने, शिक्षण सिकाइमा शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने, शब्दपत्ति, वाक्यपत्ति, कालोपाटीको प्रयोग उपयुक्त मात्रामा गर्नु जस्ता विद्यालयको क्रियाकलापमा गराउनु पर्दछ । त्यसैगरी पढेर आउने, शुद्धसँग लेखेर ल्याउने, प्रोजेक्ट वर्क बनाएर ल्याउने, गणितका सूत्रहरू लेखेर ल्याउने, चित्रहरू बनाएर ल्याउने र परिभाषाहरूलाई शब्दपत्ति र चार्ट पेपरमा राम्रा अक्षर बनाएर लेखी ल्याउने जस्ता कार्यहरू गर्न लगाउने

क्रियाकलापहरूलाई व्यवस्थापन गर्नु पर्दछ। शिक्षण सिकाइको क्रियाकलाप गराउँदा ती योजनाहरू बनाइसकेपछि कक्षाकोठालाई बालमैत्री अनुरूप निर्माण गरी विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गरी गृहकार्यको अभ्यास र प्रयोग कक्षाकोठामा र घरमा गर्न लगाई शिक्षण सिकाइ गर्दा क्रियाकलापलाई व्यवस्थित गर्न सकिन्छ।

शिक्षण सिकाइ पश्चात् गृहकार्यको अभ्यास गराउँदा पढाइमा उल्लेख्य सुधार आएको पाइएको छ। सिकाइ प्रभावकारी, स्थिर, टिकाउ हुने, शैक्षिक उपलब्धिमा वृद्धि आउने, लेख्ने पढ्ने बानीको विकास हुने, अक्षर राम्रो र प्रष्ट बन्ने विद्यार्थी बढी लगनशील बन्ने जस्ता कुराहरू क्रियाकलापबाट स्पष्ट रूपमा देख्न सकिन्छ।

### ४.४.२ समय

विद्यालयले शिक्षण सिकाइ गरिसकेपछि घरका लागि दिइने गृहकार्यमा पनि एकरूपता ल्याउनु आवश्यक छ। विद्यार्थीहरूमा धेरै गृहकार्य गराउँदा पनि नैराश्यता आउने र कम दिएमा पनि राम्रो नहुने हुँदा विद्यार्थीहरूको क्षमता र उमेरमा ख्याल गरी दैनिक २ देखि ३ घण्टाको गृहकार्य गराउन सके राम्रो हुने देखिन्छ। बालबालिकाहरूलाई गृहकार्य गराउने

समय छुट्याई समयको व्यवस्थापन गर्न सकेमा प्रभावकारी हुने देखिन्छ। समयको राम्रोसँग व्यवस्थापन गर्न सकिएन भने गृहकार्यको अभ्यासले धेरै बालबालिकाहरू झर्को मान्ने, गाह्रो मान्ने र पढ्न नमान्ने हुन्छ भने धेरै कम दिँदा बालबालिकाहरूको उपलब्धि राम्रोसँग विकास हुन सक्दैन। त्यसैले गृहकार्यको व्यवस्थापन गर्दा समयलाई पनि ख्याल पुऱ्याउनु पर्दछ।

### ४.४.३ कक्षामा उपयोग

कक्षाकोठा र घरमा गृहकार्यको उपयुक्त मात्रामा क्रियाकलाप/कार्यहरू र समयको व्यवस्थापन गरिसकेपछि त्यसरी गरेर ल्याएका गृहकार्यहरूलाई शूक्ष्म ढङ्गबाट कमीकमजोरीहरू केलाई शिक्षक तथा शिक्षिकाहरूले कक्षामा उपयोग गर्नु पर्दछ। शिक्षक तथा शिक्षिकाहरूले क्रियाकलाप गराएको कार्यहरूबाट के कस्ता ज्ञान, सीप र

व्यवहारहरूमा सुधार आएको छ भनी गृहकार्यको अभ्यासलाई परीक्षण गरी समयमा नै असल बाटामा हिँडाउन सक्नु पर्दछ । त्यस कार्यमा विद्यार्थीहरूले के कस्ता कमीकमजोरीहरू गरे भनी अनुगमन गरी उपचारात्मक र निर्माणात्मक पद्धतिबाट उपचार गरी विद्यार्थीहरूमा सुधार ल्याउनु पर्दछ । यसरी शिक्षण सिकाइमा गरिने विभिन्न कार्यहरूलाई व्यवस्थित रूपमा अवलम्बन गरिन सके शिक्षाको गुणस्तरमा वृद्धि हुन सक्छ ।

कक्षाकोठामा गरिने गृहकार्यको उपयोगले नै विद्यार्थीहरूलाई पूर्ण बनाउन सहयोग पुऱ्याउँदछ ।

गृहकार्य शिक्षण सिकाइलाई प्रभावकारी बनाउन अपरिहार्य छ । यसले विद्यार्थीलाई धेरै फाइदा पुऱ्याउँछ । उनीहरूको लेखन शैलीको विकास हुन्छ, पढ्ने बानीको विकास हुन्छ । यस्तैगरी खोज अनि अनुसन्धान गर्ने, लगनशील बन्ने जस्ता कुराको विकास गराउन सकिन्छ । स्मरणशक्तिमा अभिवृद्धि हुन्छ । अपेक्षा गरेअनुसार उपलब्धि हासिल गर्नका लागि उपयोगी हुन्छ । गृहकार्यले गर्दा कक्षाको उपलब्धि स्तरमा वृद्धि हुनुका साथै लगनशील बन्दछन् । विद्यालयमा पनि आपसी छलफल गर्ने बानीको विकास भई सिकाइलाई दिगो बनाउन मद्दत मिल्छ । कतिपय अवस्थामा गृहकार्य बोझ पनि हुने गर्दछ । कुनै कुनै बालबालिकाहरू गृहकार्यको झन्झटले गर्दा विद्यालय जान नमान्ने, लुक्ने, रुने, गृहकार्यको बोझले गर्दा खाजा पनि नखाइकन गर्ने अनि मात्र खाने आदि गर्दछन् । त्यसैगरी अभिभावकलाई पनि गृहकार्य गराउनु पर्ने भएकाले झन्झटिलो मान्छन् । कतिपय आर्थिक स्थिति कमजोर भएका अभिभावकका लागि कापी कलम जुटाउने समस्या पनि देखिन्छ भने घरको काम गर्नुपर्ने भएकाले बालबालिकाहरूले गृहकार्य गर्ने समय नै नपाउने पनि हुन्छ । यस सम्बन्धी शिक्षक, प्र.अ. तथा सम्बन्धित सरोकारवालाहरूले समयमा नै ध्यान पुऱ्याई आवश्यक व्यवस्था मिलाउँदै आवश्यक मात्रामा मात्र गृहकार्य दिएमा गृहकार्यको बेफाइदा भन्दा फाइदा नै बढी भएको पाइएको छ ।

# परिच्छेद - पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

यस अध्ययन अनुसन्धान कार्यमा निश्चित उद्देश्य छनोट गरी, उद्देश्य अनुसार प्रश्नावलीको निर्माण गरी औपचारिक लिखित र अन्तर्वार्ताबाट तथ्याङ्क सङ्कलन गरिएको छ । इटहरी उपमहानगरपालिका भित्रका ४ वटा सामुदायिक विद्यालयमा कक्षा ८ मा अध्ययन गर्ने जम्मा ९० जना विद्यार्थीहरू, सोही विद्यालयका सम्बन्धित सरोकारवाला अभिभावकहरू ९० जना र शिक्षक शिक्षिकाहरू १२ जनाबाट लिखित र अन्तर्वार्ताका आधारमा प्राप्त तथ्याङ्कको प्राप्तिहरू निम्नअनुसार रहेका छन् -

- शिक्षण सिकाइको सिलसिलामा कक्षाकोठामा गृहकार्यको अभ्यास र प्रयोग उपयुक्त मात्रामा गराउने गरिएको पाइयो ।
- विद्यालयले गृहकार्यको क्रियाकलापमा पढेर आउन लगाएको, शुद्धसँग लेखेर ल्याउन लगाएको, प्रोजेक्ट वर्क गरी ल्याउन लगाएको, गणितका सूत्रहरू कण्ठ गरी आउन लगाएको जस्ता क्रियाकलापहरू गराएको पाइयो ।
- विद्यालयहरूले घरका लागि भनी विद्यार्थीहरूलाई १ घण्टा देखि ३/४ घण्टासम्म गृहकार्यको अभ्यास गर्न लगाइएको पाइयो ।
- विद्यार्थीहरूलाई घरमा गर्न दिएका कार्यहरूलाई कक्षाकोठामा पूर्ण रूपमा उपयोग गराएको देखियो जस्तै पढेर सुनाउन लगाउने, चार्ट पेपरहरू भन्न लगाउने, गणितका सूत्रहरू सोध्ने र लेखेर ल्याएका उत्तरहरूलाई परीक्षण गरी अङ्क दिने जस्ता कार्यहरू गराएको पाइयो ।
- तर कतिपय विद्यालयहरूले कक्षाको उपयोगमा ध्यान नदिएको पनि पाइयो ।
- गृहकार्यको अभ्यास र प्रयोगले विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा सकारात्मक भूमिका खेलेको पाइयो ।
- गृहकार्यको अभ्यासले लेखाइ सीपमा राम्रो उपलब्धि भएको पाइयो ।

- अभिभावकहरूबाट लिइएको तथ्याङ्कहरूबाट पनि केही मात्र गृहकार्यको अभ्यास र प्रयोगमा नकारात्मक धारणा रहेता पनि अधिकांश अभिभावकहरू सकारात्मक रहेको पाइयो ।
- गृहकार्यको अभ्यास र प्रयोगले गर्दा विगतको तुलनामा भन्दा वर्तमान समयमा शिक्षाको स्तरमा उन्नति आएको कुरा पनि अनुसन्धानमा प्राप्त हुन आएको देखिन्छ ।
- गृहकार्यको अभ्यास र प्रयोगले विद्यार्थीहरूमा सिकाइप्रति उत्प्रेरणा बढेको कुरा प्राप्त भयो ।
- विद्यालयले कक्षाकोठामा शिक्षण सिकाइको सिलसिलामा गृहकार्यको अभ्यास र प्रयोगको सञ्चालन गर्दा विगतको तुलनामा भन्दा पछिल्ला वर्षहरूमा विद्यार्थीहरूको वार्षिक परीक्षामा उत्तीर्णाङ्क प्रतिशतमा वृद्धि हुँदै गएकाले पनि उनीहरूमा गृहकार्यको अभ्यासप्रति रुचि र चाहनाको विकास भएको पाइयो ।
- विद्यालयमा लागू गरिएका सबै पाठ्यविषयहरू गृहकार्यको अभ्यास र प्रयोग गराउँदा बालबालिकाहरूले आर्जन गरेको ज्ञान र क्षमता लामो समयसम्म स्मरण शक्ति रहने भएकाले गृहकार्यलाई शिक्षण सिकाइमा मेरुदण्डका रूपमा लिने गरेको तथ्य शिक्षकहरूसँग गरिएको अन्तर्वार्तामा पाइयो ।
- विद्यालयमा शिक्षक तथा शिक्षिकाहरूले गृहकार्य गराउँदा पहिले पहिले अभिभावकहरूले असन्तुष्टि जनाएको भए पनि शिक्षणमा सुधार भएको जानकारी पाएपछि सन्तोषजनक नै देखिन्छ ।
- विद्यालयले यस्ता कार्यक्रमहरू धेरै मात्रामा सञ्चालित भए पनि आर्थिक अभावको कारणले आवश्यक शिक्षक र शैक्षिक सामग्रीको खरिद हुन नसकेको हुँदा सोचे जस्तो प्रभावकारी रूपमा व्यवस्थापन गर्न नसकेको पाइयो ।
- दक्ष जनशक्ति र प्राविधिक व्यक्तिहरूसँग सहकार्य गर्न नसकेकाले विद्यार्थीहरूले समय सापेक्ष आफूलाई परिवर्तन गराउन नसकेको पाइयो ।
- विद्यार्थीहरूलाई अरुले सिकाएर भन्दा गरेर सिक्ने हो भन्ने भावना अनुसार उनीहरूलाई गृहकार्यको साथसाथै अन्य अतिरिक्त क्रियाकलापहरूमा पनि सहभागी गराइएको पाइयो ।

- शिक्षण सिकाइमा शिक्षक केन्द्रित विधिभन्दा विद्यार्थी केन्द्रित विधि नै अवलम्बन गरिएको पाइयो ।
- शिक्षण सिकाइमा शैक्षिक सामग्रीहरूका लागि शिक्षक तथा शिक्षिकाहरूले स्थानीय सामग्रीहरू प्रयोग गरी परिपूर्ति गरिएको भएता पनि आर्थिक अभावका कारण विद्यालय भवन, शौचालय र चमेना गृहको राम्रो प्रबन्ध हुन नसकेको पाइयो ।
- कार्यभारको चापले संलग्न शिक्षकहरूमा रुची कम हुँदै गएको र भौतिक सुविधा कम भएकाले आर्थिक भार बढेको देखियो ।
- जे जति थोरै मात्रामा यस्ता क्रियाकलाप सञ्चालन भएता पनि त्यस्ता कार्यमा भाग लिने विद्यार्थीको मानसिक स्तरमा वृद्धि भई उनीहरूको आन्तरिक प्रतिभाको प्रस्फुटन गर्न र व्यक्तित्वको विकास गर्न सहयोग गरेको पाइयो ।
- विद्यार्थीहरूको शिक्षण कार्यमा पनि अतिरिक्त क्रियाकलापले सहयोग गरेको देखियो ।

## ५.२ निष्कर्ष

यस अध्ययनका क्रममा सङ्कलन गरिएको तथ्याङ्कको आधारमा गृहकार्यको अभ्यास र प्रयोगमा पाएका सबैको विचारलाई समेट्ने प्रयास गरिएको छ । कतिपय विचारहरू मनन योग्य तथा व्यवहारिक छन् भने केही विचारहरू सैद्धान्तिक रूपमा अभिप्रेरित रहेको पाइएको छ । तथापि सबैका विचारहरूको आधारमा निम्नानुसारको निष्कर्ष निकालिएको छ -

गृहकार्यको अभ्यास र प्रयोगले विद्यार्थीमा ज्ञान, सीप र धारणाको विकास हुनुका साथै मानसिक, बौद्धिक र सामाजिक सीपहरूको पनि विकास हुने गर्दछ । जति जति विद्यार्थीहरू गृहकार्यमा संलग्न हुँदै गए त्यति त्यति नै उनीहरूमा नेतृत्वसीप, आत्मनिर्भरता, सहभागिता, परिश्रमीपन, जिज्ञासु तथा सक्रियताको विकास हुँदै जान्छ । विद्यालयले आफ्नो सामान्य स्रोतबाट मात्रै भए पनि विभिन्न किसिमका नयाँ प्रविधि र आधुनिकतालाई मध्यनजर गर्दै निरन्तर मूल्याङ्कन, उपचारात्मक मूल्याङ्कन र

निर्णयात्मक मूल्याङ्कनहरूको सञ्चालन गर्दा पनि विद्यार्थीहरूको झुकाव मननयोग्य रहेको देखिन्छ भन्ने कुरा शिक्षक तथा शिक्षिकाहरूसँगको छलफलबाट प्राप्त भएको छ ।

विद्यार्थीहरूलाई पूर्ण रूपमा विकास गर्नका लागि गृहकार्य अपरिहार्य रहेको कुरा देखिन्छ । जब हामीले बालबालिकाहरूलाई गृहकार्यको अभ्यास र प्रयोग गराउँदैनौँ उनीहरूले सिकेका सीप र व्यवहारहरू स्थायी नरहने भएकाले त्यसलाई चिरस्थायी गराउन पनि गृहकार्यको अभ्यास आवश्यक देखिन्छ । विद्यालयमा अध्ययन अध्यापनको बेलामा प्रशस्त मात्रामा शैक्षिक सामग्रीहरूको प्रयोग, विद्यार्थी केन्द्रित शिक्षण विधि र आवश्यक मात्रामा गृहकार्यको अभ्यास र प्रयोग गरेको देखिन्छ ।

पाठ्यक्रममा उल्लेख भएका विषयवस्तुलाई व्यवहारिकतामा ढाल्नका लागि पनि विद्यालयमा गृहकार्यको अभ्यासले महत्त्वपूर्ण योगदान रहेको कुरा शिक्षक तथा शिक्षिकाहरूको भनाइबाट पाइयो । विद्यालयले जति यस्ता किसिमका क्रियाकलापहरू थप्दै गयो त्यति नै विद्यार्थीहरूमा पनि आत्मबल र रुचि बढेको पाइयो । यसरी हरेक किसिमका अभ्यासहरूले विद्यार्थीहरूलाई तार्किक, सीपमूलक तथा नेतृत्वदायी सीपको कलामा समावेश गर्न सहयोग पुऱ्याएको देखिन्छ । त्यस्तो पाठ्यक्रमसँग निकट सम्बन्ध रहेको गृहकार्यको अभ्यास र प्रयोगसँग सम्बन्धित निकायहरू जिल्ला शिक्षा कार्यालय, क्षे.शि.नि., शिक्षा विभाग, शिक्षा मन्त्रालय तथा सिङ्गो कार्यक्रम तथा तिनीहरू प्रस्तुत गर्ने निकाय नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयबाट भौतिक तथा आर्थिक कुनै पनि किसिमको सहयोग नहुँदा नेपालका धेरैजसो विद्यालयहरूमा गृहकार्यको अभ्यास र प्रयोगहरू ओझेलमा परेका छन् ।

कतिपय विद्यालयले शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोग गराउँदा विद्यार्थीको रुचि, क्षमता तथा उमेरलाई वेवास्ता गर्दा विद्यार्थीको चौतर्फी विकासमा प्रतिकुलता सिर्जना हुन सक्ने सम्भावना देखियो । यसरी यी कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमहरू समय सापेक्ष र समयको मागभन्दा फरक वा परिस्थिति सुहाउँदो छैनन् । जसलाई तत्काल सुधार गर्नुपर्ने देखिन्छ । गृहकार्य दिँदा उमेर सुहाउँदो, उनीहरूको क्षमता अनुसार बढी भार नपर्ने गरी

मात्र दिनुपर्दछ । यी र यस्ता कुराहरूमा विचार नपुऱ्याईकन गृहकार्य दिनुपर्छ भन्दै अधिक मात्रामा दिइएको गृहकार्यले सकारात्मक भन्दा बढी नकारात्मक उपलब्धि देखिने भएकाले यस्ता प्रवृत्तिहरू तुरुन्त हटाई उमेर र क्षमता सुधाउँदो गरी गृहकार्य दिने व्यवस्था मिलाउनु पर्ने हुन्छ । यसैगरी समयलाई पनि ख्याल गरी उनीहरूलाई गृहकार्य गरिसकेर पनि खेल्ने समय प्राप्त हुनेगरी मात्र गृहकार्य दिनुपर्ने हुन्छ । आर्थिक स्थिति कमजोर भएका अभिभावकका बालबालिकाहरूका लागि सरकारका तर्फबाट आवश्यक स्टेसनरीहरू उपलब्ध गराएर सहयोग गर्नुपर्ने हुन्छ ।

गृहकार्य दिने समय र परिस्थितिको पनि ख्याल गर्नुपर्ने हुन्छ जस्तै विदाको समयमा कतिपय बालबालिकाहरू आफ्ना अभिभावकसँग बाहिर घुम्न जाने, भेटघाटमा जाने र फर्केर आएपछि गृहकार्यका लागि समय नहुने हुँदा विद्यालय जान नमान्ने गरेको पाइएको छ । यस्तै चाडपर्वको समयमा गृहकार्य दिँदा उनीहरूले राम्ररी चाडपर्वको मनोरञ्जन/खुसीयाली लिन नपाउने, पूरै समय गृहकार्य गरेर बस्नुपर्ने हुँदा उनीहरूले गृहकार्यलाई यातनाका रूपमा लिने हुँदा गृहकार्य दिने समय र परिस्थितिको पनि ख्याल गर्दा उचित हुने देखिन्छ ।

विद्यार्थीको शिक्षण सिकाइका क्रममा खेल खेलमा सिक्ने प्रवृत्तिले सिकाइ वातावरण सहज हुन्छ । उनीहरूले विना कुनै बोझ शिक्षण सिकाइ गर्न सक्छन् । तर अत्याधिक गृहकार्य गराउँदा उनीहरूलाई बढी थकान महसुस हुने, निन्द्रा लाग्ने, खेल्ने समय नपाउने हुँदा स्वतः स्फूर्त हुन पाउँदैनन् फलस्वरूप विद्यार्थीको उपलब्धि न्यून भएको पाइएको हुनाले उक्त कुराको निराकरणका लागि शिक्षक, अभिभावक, विद्यालय प्रशासन बीचबाट नै समय समयमा अन्तर्क्रियाको माध्यमले समस्याहरू न्यूनीकरण गर्दै जानुपर्ने देखिन्छ । यसमा जिल्ला शिक्षा कार्यालयको भूमिका प्रभावकारी ढङ्गले निर्वाह गर्ने वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ भने विद्यालयले पनि संलग्न शिक्षकहरूलाई प्रभावकारी रूपले प्रस्तुत हुनका लागि उपयुक्त वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ । सरकाले पनि शिक्षा नीतिमा आमूल परिवर्तन गरी नागरिक समाजलाई सचेत गराई विद्यालयहरूलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

यसरी समयको परिवर्तन सँगसँगै विगतमा गृहकार्यको अभ्यास र प्रयोगलाई विरोध गर्ने वा बोझ मान्ने अभिभावकहरूमा र विद्यार्थीहरूमा पनि शिक्षाको विकास र जनचेतनाले गर्दा सकारात्मक धारणाको विकास भएको छ । विद्यालयमा शिक्षण सिकाइको अलवा खेलको माध्यमबाट अतिरिक्त क्रियाकलापहरू पनि सञ्चालन गर्न सकेमा अझ बढी उपलब्धिहरू प्राप्त गर्न सक्ने कुरा निष्कर्षमा प्राप्त भएको छ ।

## ५.३ सुझाव

यस अध्ययन कार्यमा गुणात्मक मूल्याङ्कन प्रक्रियाका लागि विभिन्न पक्षहरूसँग विद्यालयहरूमा गृहकार्यको अभ्यास र प्रायेग जस्ता कार्यक्रमको सञ्चालनले शिक्षण सिकाइमा पारेको प्रभाव र विद्यार्थीमा आएको परिवर्तन सम्बन्धमा लिइएको धारणा तथा त्यसको व्याख्या विश्लेषणबाट प्राप्त भएको निष्कर्षका आधारमा गृहकार्यको अभ्यास र प्रयोगको क्रियाकलापलाई प्रभावकारी, सान्दर्भिक, व्यवस्थित तथा उपलब्धिमूलक बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ -

- गृहकार्यको अभ्यास र प्रयोग गर्दा शुद्धसँग पढेर आउन, लिखित रूपमा हल गरी आउन भनी गराउनु पर्ने देखिन्छ ।
- विद्यार्थीहरूको इच्छा र चाहना बुझी बालमैत्रीपूर्ण ढङ्गमा गृहकार्यको अभ्यास र प्रयोग गराउँदा विद्यार्थीहरूको रुचि, आकांक्षामा वृद्धि भई गृहकार्य गर्न जागरुक भएको देखिन्छ ।
- विद्यालयले गृहकार्यको अभ्यास र प्रयोग गराउँदा घरमा गर्ने क्रियाकलापका साथसाथै समयको पनि राम्रोसँग व्यवस्थापन गरी रणनीतिमा पारदर्शिता अपनाउनु पर्ने देखिन्छ ।
- समय र वातावरण अनुसार गृहकार्य गराउनु पर्ने भएको हुँदा अध्यापन गराउने शिक्षक तथा शिक्षिकाहरूलाई समय समयमा तालिमको व्यवस्था गराएमा गृहकार्यको अभ्यास र प्रयोग गराउँदा बढी प्रभावकारी हुने देखिन्छ ।
- गृहकार्यको अभ्यास र प्रयोग गराउने शिक्षकहरूलाई पिरियडको लोड घटाएर भए पनि प्रोत्साहन प्रदान गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरूले गरेर ल्याएका गृहकार्यहरू राम्रोसँग चेकजाँच गरी कमी कमजोरीहरू सुधार गर्न सक्नु पर्दछ ।

- विद्यार्थीहरूले गरेर ल्याएका गृहकार्यलाई पूर्ण रूपमा उपयोग गराउनु पर्ने देखिन्छ ।
- विद्यार्थीको उमेर क्षमतालाई मध्यनजर गरी गृहकार्यको अभ्यास र प्रयोग सञ्चालन गरेमा उपयुक्त हुने देखिन्छ ।
- अभिभावकहरूलाई विद्यालयले गराउने गृहकार्यको अभ्यास र प्रयोगको बारेमा शिक्षण गराउन सके अझै प्रभावकारी हुन जान्छ ।
- शिक्षण सिकाइका सिलसिलामा विद्यार्थी केन्द्रित शिक्षण गर्नुका साथै प्रयोगात्मक पद्धतिबाट अभ्यास गराउँदा अझ फलदायी हुने देखिन्छ ।
- शिक्षण गराउँदा उपचारात्मक विधि र निर्माणात्मक विधिबाट शिक्षण सिकाइ गराउनु पर्दछ ।

# सन्दर्भसूची


आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (२०५६), *नेपालको शैक्षिक प्रणाली,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

*आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) (२०६९),* सानोठिमी, भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

उपाध्याय, विना (२०६५), *धादिङ जिल्लाका विद्यालयहरूमा शिक्षण सिकाइ र विधिहरू,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

कुँवर, खुमबहादुर (२०६१), *विद्यालय तहमा मूल्याङ्कनको महत्त्व,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

के.सी., आशिष (२०६१), *धादिङ जिल्लाका विद्यालयहरूमा शिक्षण सिकाइ र विधिहरू,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

खनाल, श्रीप्रसाद र विनोदखण्ड तिमिल्सिना (२०६१), *गुणात्मक मूल्याङ्कन अनुसन्धान,* नयाँबजार कीर्तिपुर : क्षितिज प्रकाशन ।

भट्टराई, होमनाथ (२०६७), *शिक्षा मनोविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

*राष्ट्रिय शिक्षा पद्धति योजना-२०२८,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

लम्साल, रविन्द्र (२०५९), *धादिङ जिल्लाका विद्यालयहरूमा महिला विकासमा शिक्षा,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०५३), *शिक्षाका आधारहरू,* भोटाहिटी काठमाडौं : एम.के पब्लिसर्स एन्ड डिष्ट्रिव्युटर्स ।

शाही, सुरेशजंग (२००१), *तनहुँ जिल्लामा नि.मा.वि.अन्तर्गत शिक्षण सिकाइमा गृहकार्यको आवश्यकता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

श्रेष्ठ, नरमान (२०७२), *विद्यालयको शिक्षण सिकाइमा गृहकार्यको अभ्यास र प्रयोग,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं ।

Sheldon, L.(1987). *ELT textbook and materials*.Oxford: Modern English Publication in Association with the British Council.

Van Voorhis (2004) 'Teaching Language for Communication: Modern English Publication, London

Cooper (1989a, p.7, as cited in Marzano and Pickering, March 2007, p.74) . *An analysis of Grade XI English textbook*: *Meaning into Words*. An unpublished M.Ed. Thesis, Kathmandu. T.U.

The United States (US) Department of Education (DoE)

http://www.independent.co.uk/news/warning-homework-can-harm-your-child-1198820.html

http://www.teach-nology-.com/turorials/teaching/proandconhomework.html

http://www.Det-NSW.edu.au. 07-08 2000 Repd-2002-003

http://www.frankoie Holand. Teaching Improvement Plan. ABC news.go. com-oct.17, 2012

http://www.Alfine Kohn.org Sep-6-2006

## अनुसूची-१

## शिक्षकहरूका लागि प्रश्नावली

दिइएका प्रश्नका सहि जवाफहरूमा ठीक/रेजा (✓) लगाउनुहोस् र खाली ठाउँमा उपयुक्त सुझाव र विचार लेख्नुहोस् ।

शिक्षकको नाम : विद्यालय :

१. तपाईंको विचारमा गृहकार्य केलाई भन्ने ?

..........................................................................................................

२. तपाईं कुन विषय अध्ययन अध्यापन गराउनु हुन्छ ?

..........................................................................................................

३. तपाईंले शिक्षण सिकाइ गर्दा कुन विधि अपनाउनु हुन्छ ?

..........................................................................................................

४. तपाईंले पढाइको सिलसिलामा विद्यालयमा गृहकार्य गराउनु हुन्छ ?

क) गराउँछु ख) गराउँदिन

५. गराउनु हुन्न भने किन ? गराउनु हुन्न भने किन ?

..........................................................................................................

६. विद्यार्थीलाई गृहकार्यको अभ्यास गराउँदै अध्यापन गराउँदा विद्यार्थीहरू खुसी छन् ?

क) खुसी नै देखिन्छन् ख) गाह्रो मान्छन्

७. बालबालिकाहरूलाई घरका लागि भनी गृहकार्यको अभ्यास दिनु भएको छ ?

..........................................................................................................

८. विद्यार्थीलाई गृहकार्यको अभ्यास नगराउँदा र गराउँदामा के फरक पाउनु भएको छ ?

..........................................................................................................

९. कतिपय अभिभावकहरू विद्यार्थीहरूलाई गृहकार्य गराउनु झन्झटिलो काम भन्छन् नि ?

..........................................................................................................

१०. शिक्षण सिकाइ पश्चात् गृहकार्यको अभ्यास गराउँदा पढाइमा कसरी सुधार ल्याउँछ ?

..........................................................................................................

११. अन्त्यमा गृहकार्यको विषयमा तपाईंको भनाइ के छ ?

..........................................................................................................

## अनुसूची-२

## अभिभावकका लागि प्रश्नावली

नाम :                                                                 ठेगाना :

दिइएका प्रश्नका सहि जवाफहरूमा ठीक/रेजा (✓) लगाउनुहोस् र खाली ठाउँमा उपयुक्त सुझाव र विचार लेख्नुहोस् ।

१. तपाई गृहकार्य भन्नाले के बुझ्नुहुन्छ ?

..........................................................................................................

२. के शिक्षण सिकाइमा गृहकार्यको आवश्यकता छ ?

क) छ भने किन ?...............................   ख) छैन भने किन ? .......................

३. शिक्षण सिकाइमा गृहकार्यले बालबालिकाहरूमा के फाइदा पुऱ्याउँछ ?

क) ज्ञान स्थायी बनाउँछ   ख) समय उपयोग   ग) अभ्यास गर्ने बानी

४. तपाईं आफ्ना बालबालिकाहरूलाई गृहकार्य गराउनु हुन्छ ?

क) गराउँदिन   ख) गराउँछु

५. तपाईं साक्षर हुनुहुन्छ कि निरक्षर हुनुहुन्छ ?

क) साक्षर   ख) निरक्षर

६. साक्षर भए कुन तहको शिक्षा प्राप्त गर्नुभएको छ ?

क) प्राथमिक   ख) निम्न माध्यमिक   ग) माध्यमिक   घ) उच्च शिक्षा

७. तपाईंको बालबालिकाहरू विद्यालय जान कतिको इच्छा देखाउँछन् ?

..........................................................................................................

८. विद्यालय जान नमान्नुका केही कारण छ ?

..........................................................................................................

९. तपाईंको बालबालिकाहरूलाई विद्यालयमा गृहकार्यको अभ्यास गराउनु हुन्छ ?

क) गराउनु हुन्छ   ख) गराउनु हुन्न   ग) खै थाहा नै भएन

१०. तपाईंको विचारमा बालबालिकालाई गृहकार्यको अभ्यास गराउनु राम्रो हो कि होइन ? किन ?

..........................................................................................

११.तपाईंले बालबालिकाहरूलाई घरमा गृहकार्यको अभ्यास गराउनु भएको छ ?

क) गराएको छु   ख) गराएको छैन   ग) मलाई थाहा नै भएन

१२. तपाईंका बालबालिकाहरू घरमा कति समयसम्म गृहकार्य गरिरहन्छन् ?

..........................................................................................

१३. विद्यालयका शिक्षक शिक्षिकाहरूले गृहकार्य कति दिन्छन् ?

क) धेरै दिन्छन्   ख) कम दिन्छन्   ग) दिँदैनन्

१४. तपाईंका बालबालिकाहरूले घरमा गृहकार्य गर्न गाह्रो मान्दैनन् ?

क) मान्दैनन्   ख) मान्छन्

१५. तपाईंले उनीहरूलाई गृहकार्य गर्न र पढ्न प्रोत्साहन गर्नुहुन्छ ?

क) गर्छु   ख) गर्दिन

१६. तपाईंको विचारमा गृहकार्य दिनु आवश्यक ठान्नुहुन्छ ?

क) आवश्यक ठान्छु   ख) आवश्यक ठान्दिन

१७. आवश्यक छैन भने तपाईंको विचारमा किन ?

..........................................................................................

१८. विद्यालय शिक्षाको बारेमा तपाईंको धारणा के छ ?

..........................................................................................

## अनुसूची-३

## विद्यार्थीका लागि प्रश्नावली

नाम :                विद्यालयः                कक्षा :     रोल नं. :

दिइएका प्रश्नका सहि जवाफहरूमा ठीक/रेजा (✓) लगाउनुहोस् र खाली ठाउँमा उपयुक्त सुझाव र विचार लेख्नुहोस् ।

१. तपाईंले यस विद्यालयमा कति कक्षादेखि अध्ययन गर्दै आउनु भएको छ ?

.................................................................................................................

२. तपाईंलाई पढाइमा सबभन्दा गाह्रो लाग्ने विषय कुन हो ? ................................

.................................................................................................................

३. पढाइको सिलसिलामा समस्या परेका शिक्षकसँग राखेर समाधान गर्नुभएको छ/छैन ?

.................................................................................................................

४. विद्यालयको शैक्षिक तथा सामाजिक वातावरण प्रति तपाईं सन्तुष्ट हुनुहुन्छ ?

क) छु          ख) छैन

५. यदि हुनुहुन्छ भने किन र कसरी ?

.................................................................................................................

६. तपाईंको कक्षामा शिक्षण सिकाइ गर्दा शिक्षकहरूले शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ?

क) गर्नुहुन्छ          ख) गर्नुहुन्न

७. यदि गर्छन् भने कस्तो किसिमको सामग्री प्रयोग गर्दछन् ?

क) दृश्य          ख) श्रव्य          ग) श्रव्य र दृश्य

८. शिक्षकले कक्षामा पढाइ सकेपछि गृहकार्य कति दिनुहुन्छ ?

क) धेरै          ख) दिँदैनन्          ग) थोरै दिन्छन्

९. गृहकार्य गर्न मन लाग्छ ?

क) लाग्छ  ख) लाग्दैन

१०. तपाईंको विचारमा गृहकार्य आवश्यक ठान्नुहुन्छ ?

क) आवश्यक छ  ख) आवश्यक छैन

११. आवश्यक छैन भने किन ?

क) गाह्रो हुन्छ  ख) नकारात्मक टेन्सन  ग) समयको अभाव

१२. आवश्यक छ भने किन ?

क) सिकाइ स्थिर हुनु  ख) समयको सदुपयोग  ग) खोज गर्ने बानी

१३. शिक्षा आर्जनमा प्रभाव पार्ने प्रमुख तत्त्व कुन हो ?

क) घरको वातावरण  ख) विद्यालयको वातावरण  ग) समुदायको वातावरण

१४. तपाईं शिक्षकले दिनु भएको गृहकार्य कति गर्नुहुन्छ ?

.......................................................................................................................

१५. तपाईं गृहकार्य नगर्ने साथीहरूलाई के भन्न चाहनु हुन्छ ?

.......................................................................................................................

१६. तपाईंलाई गृहकार्य गर्न लगाउँदा कस्तो अनुभव हुन्छ ?

.......................................................................................................................

## अनुसूची - ४

## कक्षा अवलोकन फारम

| क.सं. | विवरण | छन् | छैनन् |
|---|---|---|---|
| १ | शिक्षकले नियमित गृहकार्य दिएको | | |
| २ | शिक्षकद्वारा नियमित रूपमा गृहकार्यको मूल्याङ्कन गर्ने गरेको | | |
| ३ | शिक्षकले गृहकार्य दिन झर्को मान्ने गरेको | | |
| ४ | शिक्षकको सोचाइमा गृहकार्यले शिक्षण सिकाइमा सहज बनाएको | | |
| ५ | गृहकार्यको माध्यमबाट निरन्तर मूल्याङ्कन गर्ने गरेको | | |
| ६ | विद्यार्थीले नियमित गृहकार्य गरेको | | |
| ७ | विद्यार्थीहरूले गृहकार्यलाई बोझका रूपमा लिएको | | |
| ८ | घरको कामले गर्दा फुर्सद नपाउने गरेको | | |
| ९ | विद्यार्थीलाई घरमा गृहकार्य गर्न सहयोग गर्ने अभिभावक | | |
| १० | विद्यार्थीको सोचाइमा खेल्ने समय गृहकार्यले लिएको | | |